# बाईबल अध्ययन सामग्री

"आओ, हामी परमप्रभुलाई मानौं, हामी परमप्रभुलाई मान्नका निम्ति प्रयत्न गरी रहौं । उहाँको आगमन सुर्योदय झैं निश्चित छ । उहाँ हामी कहाँ वर्षाको झरी, जमिनलाई भिजाउने आखिरी वर्षा झैं आउनुहुनेछ ।

## बाइबल शिक्षाको सिद्धान्त

### उद्धेश्य

हाम्रो यही प्रार्थना साथ हार्दिक ईच्छा यो छ की प्रत्येक हप्ताह परमेश्वरको वचनको साथ नियमित समय बिताउनु भएको, ताकी तपाईहरुले आफ्नो सृष्टिकर्ता परमेश्वरको बारेमा अथवा उहाँको साथ हिड्ने बारेमा सिक्न सकुन ।

### मूल्य

१. किनकी हाम्रो जिवनको हरेक प्रश्नको लागि परमेश्वरको वचनलाई आधार मान्न सकौं ।

२. किनकी पुरुष र स्त्री दुबैलाई परमेश्वरको प्रेम बुझ्नलाई उत्साहित गर्न सकौं र हरेक हप्ताह येशूको स्वरुपलाई उनीहरुको बिचमा प्रतिबिम्वीत गर्न सकौं ।

३. किनकी हामीहरुमा परमेश्वरको वचन पढ्ने ईच्छा जागरुक हुन सकौं । किनभने परमेश्वर पिता हामीहरु सबैलाई आफूकहाँ बोलाउन चाहनुहुन्छ ।

४. किनकी परमेश्वरमा पुर्णरुपले निर्भर भएर हरेक कक्षाको सप्ताहिक सेवाकाईको लागि प्रार्थना गर्न सकौं ।

५. किनकी विभिन्न आस्था वा मत मान्नेहरुलाई परमेश्वरको वचनद्धारा सत्यको खोजी गर्नको लागि एकसाथ निम्तो दिन सकौं ।

६. किनकी एकताको उद्धेश्यलाई प्रेम र सेवाद्धारा प्रकट गर्न सकौं ।

७. किनकी उनीहरुलाई परमेश्वरद्धारा दिनुभएको लक्ष्यलाई पुरा गर्नको लागि प्रशिक्षित वा तैयार गर्न सकौं ।

**लक्ष्य**

- ❖ जसले गर्दा प्रत्येक सहभागी परमेश्वरसंग समय बिताएको (प्रश्नहरुको उत्तर दिनको निम्ती )
- ❖ जसले गदा आफ्नो दैनिक जीवन परमेश्वरको वचनसंग जोड्न सकौं ।
- ❖ जसले गर्दा नियमित रुपले अरुको लागि प्रार्थना गर्न सकून ।
- ❖ जसले गर्दा उत्तर पाउनको लागि धेरे भन्दा धेरै परमेश्वरको वचनको नजिक आउन सकून ।
- ❖ जसले गर्दा प्रत्येक सदस्यहरुलाई मण्डलीमा संम्लग्न हुन उत्साह दिन सकौं ।
- ❖ जसले गर्दा उनीहरुको मन खोलेर यो भन्न सकोस् की परमेश्वरले उनीहरुको जीवनमा कस्तो काम गरीरहनु भएको छ, र गर्दै हुनुहुन्छ ।

**प्रेरितहरुको काम** : सुसमाचार संसारको अन्तसम्म लैजानु ।

# परिचय

## लेखक

प्रारमिभक मण्डलीको समर्पित प्रेरितहरुको काम वा लूकाको पुसतक दुबै पुसतकको श्रेय डा. लूकालाई जानछ । यी पुस्तकहरुको श्रृंखलाहरुलाई दुई भागमा लेखिएको थियो । जस्तै प्रेरित १:१–२ मा उल्लेख गरिएको छ । श्रृंखलाको पहिलो भाग, लूकाको सुसमाचार, येशू ख्रीष्टको जीवन र सेवाकाईको बारेमा लेखिएको तिनको सुसमाचार हो, तर प्रेरितको पुस्तक, येशू ख्रीष्टद्धारा प्रेरितहरुको आज्ञाबाट शुरुआत भएर मण्डलीको जन्म र बृद्धिको वर्णा गर्दछ । यो दुई पुस्तकहरु मिलेर बाईबलको सब भन्दा लेखको रुपमा नजर आउदछ, जसको आकार पावलद्धारा लिखित पुस्तकहरु भन्दा पनि ठूलो देखिन्छ । येशूको चेला अथवा पावलको यात्रामा उसको साथी (फिलेमोन १:२४र २ तिमोथी४:११) भएको कारणले लूका, प्रेरितहरको कामको पुस्तकमा घटेको घटनाहरुको उ स्वंयम साक्षी थियो । १६ अध्ययमा “हामी” शब्द प्रयोग गर्दै आफ्नो प्रत्यक्ष प्रमाण प्रकट गरिएको देखिन्छ । तर अरु पुस्तकहरुमा उनी शैक्षिक दृष्टिकोणले अर्थात एउटा खोजीको रुपमा हाम्रो सामु आफ्नो कुरा राख्ने प्रयास गर्दछ । लूका १:१–४ मा लूका आफ्नो लक्ष्य अथवा आफ्नो आत्मिक वरदानहरुलाई प्रकट गर्दछन् । हाम्रा माभमा घटेर गएका घटनाहरुको विवरण संग्रह गर्ने काम धेरै जनाले आफ्नो हातमा लिएका छन् । तिनीहरु जो शुरु देखि नै वचनका प्रत्यक्ष साक्षी र सेवकहरु थिए, तिनीहरुले यी कुरा हामीहरुलाई सुम्पिदिए । माननीय थियोफिलस, मैले आरम्भ देखि नै सावधानी साथै सबै कुराको खोजी गरृको छु, र तपाईको निम्ति कमवद्ध अनुसार एउटा विवरण लेख्न मलाई असल लाग्यो, ताकि तपाईलाई बताईएका विषहरुको सत्यता तपाईलाई थाहा होस् ।

## समय

विद्वानहरुको अनुसार यस पुस्तकलाई लगभग ५९ ई.पू. अथवा धेरैमा दोस्रो शदाब्दीको शुरुआतमा लेखिएको थियो, विद्वानहरुले यस्तो कुरा पत्ता लगाएको छ, की जसले शुरुआती कालमा लेखेको वा अन्तमा लेखेको दुबै तथ्यलाई प्रमाणित गर्दछ । अर्को कुरा लूका स्वंयम लेख्छन् की, अरुहरुले पनि समान घटनाहरु आफ्नो पुस्तकहरुमा वर्णन गरिएको छ । यो पनि हुन सक्छ की, यो कुरा मर्कूसले लेखेको सुसमाचारको बारेमा लेखेको जुन चाँही ५५–६५ ई.पू.मा लेखिएको पहिलो पुस्तक थियो । मर्कूस मण्डलीको लागि लेखेको पहिलो पुस्तक थियो, जसलाई मत्तीर लूकाले आधारको पुस्तकको रुपमा प्रयोग गरिएको थियो । त्यसैले यस्तो लाग्छ की, लूको पुस्तक त्यसको पछाडीको क्रममा लेखेको हुनुपर्दछ । अर्को कुरा लूकाले आफ्नो पुस्तकमा पावलको पुस्तकको बारेमा चर्चा गर्दैनन् । यतीमात्र नभएर नेरोको भयनाक सतावट, यरुशलेमको विनाश, याकूबको मृत्यू र (६८ ई.पू.) पावलको पुछताछ वा मृत्यूको उल्लेख गर्दछ । यी घटनाहरुको उल्लेख नभएको हुनाले यो भान हुन्छ की, यो पुस्तक ई.पू. ७० मा लेखेको हुनुपर्दछ । पुस्तक लेखेको सही मितीको बारेमा चलेको बहसको बिचमा, यहाँ ध्यान दिनुपर्ने कुरा यो छ की, स्वंयम यस पुस्तककमा येशू ख्रीष्टको स्वर्गारोहरण हुनुभन्दा पहिला ३० बर्षमा विश्वासीहरुको जीवनमा भएको असल र खराब कुराको बारेमा वर्णन गरिएको छ । यस कथाहरुको विचमा हामी विश्वासीप्रति परमेश्वरको विश्वास योग्यता देख्न सक्छौं, र यस आशिषको लागि हामी आज पनि निश्चित छौं ।

## श्रोतागण

प्रेरितहरुको कामको आरम्भ थियोफिलस नामक व्यक्तिलाई सुम्पेको बाट हुन्छ, जो अन्यजातिहरुको बिचमा उच्चपद प्राप्त व्यक्ति लूकाको लेखहरुको प्रकाशकको मा देखिन्छ । प्रेरितहरुको पुस्तकको ऐतिहासिक पृष्ठभूमिको रुपमा, पावल आफ्नो पहिलो पुस्तक (लूकाको सुसमाचार) का बिषयमा जानकारी दिदैं भन्दछन् की, उसले येशूको शिक्षाहरु र सेवाकाई तथा येशूको स्वर्गारोहण भए पश्चात सुसमाचारको कार्यको प्रस्तुत

गरेका छन् । त्यस पछि उसले मण्डलीको जन्मको बयान गर्न थाले जसले यस कुराको पुष्टि गर्छन की, उनी एक अन्यजातिहरुमध्ये बाट शिक्षित श्रोतासंग कुरा गर्दै थियो । विद्धानहरुको भनाई छ की, लूकाले यस पुस्तकमा मण्डलीको उद्धेश्य वा त्यसको कामहरुको प्रदर्शन गर्नका लागि लेखिएको थियो । अध्याधिक शंका गर्ने रोमी सरकारलाई उसले यो भन्ने प्रयास गरचो की, विश्वासीहरु बाधा खडा गर्नेहरु  नभई समस्त समाज र तल्लो स्तरमा बसेका समुदायको रेखदेख गर्ने साथै सत्यको बाटोमा हिड्ने जनहरु हुन् । यहूदीहरुको लागि उसले उनीहरुको अलग धारणाहरु र शिक्षाहरुलाई सुधारर्दै उसले यो भन्ने प्रयास गरचो की, मसिहापन यहुदी मतको परिपुर्णता हो र यदि कोही व्यक्ति येशू खीष्टको विरोध गर्छन् भने उ स्वंयम परमेश्वरको विरोध गर्दछ ।

## बिषय

एन.ए.एस.वी. अध्ययन बाईबलको अनुसार , प्रेरितहरुको पुस्तक एक धुरीमा चल्ने पुस्तक हो, जुन सुसमाचार देखि पत्रहरु (ईतिहास),यहूदीहरुदेखि खीष्टियानहरु( धर्म),व्यवस्था देखि अनुग्रह (ईश्वरीय चंगाई), यहूदीहरुदेखि यहूदीहरु र ग्रीक ( परमेशवरको सन्तान), को बारेमा र राज्य देखि मण्डली (परमेश्वरको योजना) को बारेमा कुरा गर्छन् । यसले सुसमाचार र बाईबलको पत्रहरुको बिचमा सम्बन्धको काम गर्दछ ।

पुस्तकको परिवर्तित प्रवृत्ति भएता पनि पुस्तकको बिषय स्पष्ट देखा पर्दछ, अर्थात मण्डलीको जन्म वा उसको विस्तार । यसको शुरुआत यरुशलेम अर्थात यहूदीहरुको देशको राजधानीबाट हुंदछन् र यो रोम गएर समाप्त हुन्छन् जुन चाँही संसारको केन्द्र विन्दु थियो । यस पुस्तकले हामीलाई राज्यको सिमित सुसमाचारबाट परमेश्वरको अनुग्रहको सुसमाचारलाई सारा संसारमा फैलाउनमा मद्धत गर्दछन् र यस पुस्तकको अन्त पावल सुसमाचार प्रचार गर्दै रोमसम्म पुग्छन् । हुन सक्छ खीष्टियान परिवेशमा जन्मेका व्यक्तिहरुको लागि त्यत्ति महत्वपुर्ण नहुनसक्छन् तर ईतिहासको त्यस समयमा यो कुरा धेरै महत्वको थियो । येशू खीष्टद्धारा गर्नु भएको घोषणा “जब पवित्रआत्मा

तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरीयामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ । चेलाहरुले सोधेको प्रश्न के ख्रीष्ट इस्राएलको राज्य फिर्तागर्न लाग्दैहुनुहुन्छ ? प्रेरित १:८ परमेश्वरको उद्धेश्यको प्रकट गर्ने अपेक्षा नगरीएको प्रकाश थियो । जबकी हाम्रो पितृहरुद्धारा सारा जातिहरुको लागि आशिष बन्ने आशिर्वाद प्राप्त भएको थियो र येशूले माथिल्लो कोठामा पवित्रआत्माको कार्यको बारेमा चर्चा गर्नु भयो की फेरी पनि मण्डलीको शुरुआत परमेश्वरको अनुग्रह र सामर्थको साथ यति धेरै द्रुतगतिमा भयो की चेलाहरु संसार भरीका मानिसहरु यहाँ सम्म की स्वर्गदुतको ध्यानसम्म उनिहरु तर्फ आकर्शित भयो । यस घटनाको केन्द्र विन्दु पवित्रआत्मा हुनुहुन्थ्यो । जसले मण्डलीको ईतिहासमा परमेश्वरद्धारा बोल्नुभएको योजनाहरु पुरा गर्न लाग्नुभयो । त्यसको प्रकाश प्रेरितहरुको कामको पुस्तकको शुरुआत देखि अन्तसम्म देखा पर्दछ । तर पवित्र आत्माद्धारा नै मण्डलीको क्रियाकलाप चलाउदछ, र परमेश्वरको ईच्छाहरुलाई पुरा गर्नको लागि नयाँ नयाँ आन्दोलन गर्नुहुन्छ । यसकारण यूहन्ना १४:१२ मा येशूले भन्नुभयो की विश्वास गर्नेहरुले म भन्दा ठूला ठूला कामहरु गर्नेछन् । आज हामी मण्डलीको विस्तृत र प्रकटी रुप हो, जुन प्रभू येशूको आगमन अथवा अर्को शब्दमा तब सम्म बड्दै जानेछ जब सम्म परमेश्वरको राज्यको लागि आत्माहरु बचाईएको हुनेछ । जति जना परमेश्वरको आत्माले भरिएको र उहाँद्धारा अगुवाई र सामर्थले भरिएका हामीहरुले  लगातार सुसमाचार प्रचार गर्दै जानु पर्दछ ।

# प्रेरितको पुस्तक

## पाठ १ :- अध्याय १

**मुख्य वाक्य** : येशूले आफ्नो चेलाहरुलाई आज्ञाको साथ एउटा प्रतिज्ञा दिएर जानुभयो ।

### पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १:१-५ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) लूका १:१-५ प्रेरितहरुको काम १:१-५ को तुलना गरेर पत्ता लगाउनुहोस की पुस्तकहरु कसलाई र किन लेखिएको थियो ?

२) येशू ख्रीष्टको पुनरुत्थान भए पश्चात पनि कति दिन सम्म देखा पर्नु भयो ?

३) उहाँले आफ्नो चेलाहरु के गर्नको लागि आज्ञा दिनु भयो ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १:६-८ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पद ६ मा चेलाहरुले येशू ख्रीष्टलाई प्रश्न गर्दै गर्दा कस्तो महशुस गरे होलान् ?

२) येशूले दिनु भएको उत्तर अनुसारले यो भन्नुहोस की, उहाँ आफ्नो निम्ती के गर्नको लागि प्रयत्न गर्दै हुनुहुन्थ्यो ?

३) यी पदहरुमा परमेश्वरको कुन विशेषताहरु पत्ता लगाउन सकिन्छ ? यसले तपाईको जीवनमा कस्तो प्रकारको कुरा गर्दछ ?

४. पद ८ यस पुस्तकको चाबी वचन हो । के तपाईले यस पदलाई आफ्नो शब्दमा वर्णन गर्न सक्नुहुन्छ ?

५. तपाई के भन्नुहुन्छ ? येशू ख्रीष्टले विश्वासीहरुलाई आफ्नो गबाही बन्नलाई छान्नुभयो ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १:९-११ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) यूहन्ना ७:३७–३९ लाई पुनः पढ्नुहोस । पवित्र आत्मा दिनु भन्दा अगावै के हुनेवाला थियो जसको बारेमा येशूले भन्नुभएको थियो ?

२) जुन बादलमा भएर येशू उठाई लानुभयो, यसले के कुरालाई दर्शाउछ ? (प्रस्थान १३:२१–२२ हेर्नुहोस)?

३) येशूले कस्तो प्रकारको दोस्रो आगमनको प्रतिज्ञा गर्नुभयो ? (मत्ती २४:३०)

## चौंथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १:१२-२६ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) माथिल्लोकोठामा भेला भएकाहरु को थिए ? उनिहरु त्यहाँ किन भेला भएका थिए ?

२) यी पदहरुले यहूदाको बारेमा के भन्दछन् ?

३) जब चेलाहरुले एक जना नयाँ अगुवालाई छान्नुभयो, उनिहरुले २१ पदमा एउटा बिशेष योग्यतालाई ठहराए, तर २४ पदमा अर्को कुनै बिषयको लागि प्रार्थना गर्नु भयो । यो सबै कुराहरु किन यति धेरै महत्वपुर्ण छन् ?

## पाँचौं दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १ वा १ कोरिन्थी पुस्तक अध्याय १५:१७ पढ्नुहोस ।**

१) किन बिश्वासीहरुलाई येशू ख्रीष्टको पुनरुत्थान यति धेरै महत्वपुर्ण छ ?

२) यस अध्ययमा तपाईले कुन प्रतिज्ञा पाउनुहुन्छ ?

३) यो प्रतिज्ञाले तपाईको जीवनमा कस्तो प्रकारको अर्थ राख्दछ ?

# छैठौं दिन

**पाठ १ : येशूले नयाँ शक्ति र उद्धेश्यको घोषणा गर्नुहुन्छ ।**

**मुख्य पाठ : प्रेरितको पुस्तक १ अध्याय ।**

**मुख्य खण्ड : प्रेरितको पुस्तक १:८ "तर पवित्रआत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।"**

**मुख्य वाक्य : येशूले आफ्नो चेलाहरुलाई आज्ञाको साथ एउटा प्रतिज्ञा दिएर जानुभयो ।**

**जीवनको सिद्धान्त : प्रतिक्षाको उद्धेश्य हुन्छ ।**

**सारांश :** लूकाले प्रेरितको पुस्तक त्यहाँबाट शुरुआत गर्छन, जहाँ लूकाको पुस्तक समाप्त गरेका थिए । शुरुआती पदमानै उनले थियोफिलसलाई श्रोता बनाएर यस पुस्तकलाई उनको पछिल्लो पुस्तकसंग मिलाएको पाउँदछ । उनको आफ्नो पहिलो पुस्तकलाई येशूद्धारा प्रचार गर्नु भएको सबै कुराको संग्रह गर्नुहुन्छ । यो अति नै महत्वपूर्ण वाक्य हो, जसले यो दर्शाउँदछ की, परमेश्वरको काम प्रभू येशू खीष्टलाई स्वर्गमा उठाएर पिताको दाहिने हातमा बसालेर मात्र समाप्त हुँदैन् । तर पवित्र आत्माको सहयताले चेलाहरुले त्यस कार्यलाई नियमित रुपले अगाडी बढाउनु भयो, जुन खीष्ट येशूद्धारा आफ्नो दुल्हीलाई लिन नआउँदा सम्म यथावत रहनेछ । अर्को कुरा लूका यो पुष्टि गर्छन की, सबै प्रेरित येशू खीष्टद्धारा मृत्यू माथिको विजय प्रति विश्वस्त थियो, किनकी यसको "प्रमाणहरु पत्यारिलो थियो" उहाँ एकै पटक धेरै जना संग देखा पर्नुभयो, र परमेश्वरको राज्यको बिषयमा उहाँको शिक्षा यहाँ निर लूका प्रेरितको पुस्तको एउटा चाबी प्रदान गर्दछ । चेलाद्धारा इस्राएलको गौरवमय राज्यको पुनः स्थापनाको सम्बन्धि प्रश्नको उत्तरमा येशूले उनिहरुलाई भन्नुभयो"(प्रेरित १:८ "जब पवित्रआत्मा तिमीहरुमा आउनुभएपछि तिमीहरुले शक्ति पाउनेछौ, र तिमीहरु यरुशलेममा, सारा यहूदियामा, सामरीयामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा गवाही हुनेछौ) । यस वाक्यमा प्रेरितहरुको कामको रुपरेखा प्राप्त हुँदछ ।

१) यरुशलेम २) यहूदिया ३) सामरिया ४) पृथ्वीको अन्तिम छेउसम्म

❖ **प्रतिक्षाको उद्धेश्य हुन्छ ।**

# प्रेरितको पुस्तक

## पाठ २ : अध्याय २

**मुख्य वाक्य :** पेन्तिकोसद्धारा मण्डलीको शुरुआत भयो ।

### पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २:१-१३ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पद १ देखि ४ को आधारमा वर्णन गर्नुहोस कि, उनीहरुले पेन्तिकोसको दिनमा के देखे, सुने, र के अनुभव गरे ?

२) कति प्रकारको मानिसहरु त्यस ठाउँमा उपस्थित थिए ?

३) कुन भाषाको प्रयोग भएको थियो, जसले गर्दा सबैले बुझ्न सक्यो ?

४) अरुहरुले यस घटनालाई देखेर कस्तो प्रकारको प्रतिक्रिया व्यक्त गरे ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २:१-१३ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) एफिसी ५:१८ मा पवित्र आत्मा बारेमा कस्तो आज्ञा प्रदान गर्नु भयो ?

२) निम्न लिखित वचनहरु पढेर पवित्र आत्माद्धारा गरेको चिन्ह वा लक्षणहरुको बारेमा भन्नुहोस ?

क) प्रेरित ४:३१

ख) प्रेरित ६:१–६

ग) प्रेरित १३:८–१०

घ) प्रेरित १३:५२

३) गलाती ५:२२,२३ पढेर भन्नुहोस की, पवित्र आत्मा बिश्वासीहरुको जीवनमा कुन कुन चरित्रीक गुणहरु उत्पन्न गर्न सक्नुहुन्छ ?

४. व्याख्या गर्नुहोस की, तपाईले पवित्र आत्माको गुणहरुलाई कसरी अनुभव गर्नु भएको छ ?

# तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २:१४-२८ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पत्रुस यस समय कुन घटनाको पुरा हुने बिषयमा कुरा गर्दै थियो ?

२. "परमेश्वरको दिनको" के अर्थ हो ?( हेर्नुहोस २पत्रुस ३:१०–१३)

३) आखिरी दिनहरुको अन्तमा के हुनेछ ?(प्रेरित २:१७–२०)

४) तपाईको बिचार अनुसार के पवित्र आत्मा पास्टर, प्रेरित,प्रचारक र मिसनरीहरुको लागि मात्र हो, अथवा हरेक बिश्वासीहरुको लागि जसले प्रभू येशू खीष्टलाई आफ्नो व्यत्तिगत प्रभु र मुक्तिदाता उद्धारकर्ताको रुपमा स्वीकार गर्नुभएको छ ?

५. पत्रुसको भनाई अनुसार येशू खीष्टको मृत्यूको जिम्मेवारी व्यक्ति को थिए ?

# चौंथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २:२३-४७ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१. येशू खीष्ट अहिले कहाँ हुनुहुन्छ ?

२. यसद्धारा तपाईको वर्तमान परिस्तिथीहरुमा कस्तो प्रभाव पार्छन्?

३ वचनद्धारा उनिहरुको हृदय छेड्दा र मानिसहरुले प्रश्न सोध्दा "हामी के गरौं पत्रुसले उनीहरुलाई कस्तो जवाफ दिए ?

४. तपाईको विचारमा पत्रुसले "टेडो जाति" संग के तात्पर्य थियो ?

५. अहिले तपाई टेडो जातिलाई कसरी हेर्नुहुन्छ ?

६. भक्तजनले कुन कार्य गर्नको लागि मन लगाए ?

७. उनको व्यक्तिगत भक्तिबाट उनलाई कस्तो आशिष प्राप्त भयो ?

# पाँचौं दिन

**पाठ २ : "मण्डलीको जन्म हुनु"**

**मुख्य पाठ : प्रेरितको पुस्तक २ अध्याय ।**

**मुख्य खण्ड : प्रेरित २:१७ "आखिरी दिनहरुमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरुमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरुका छोराहरु, र तिमीहरुका छोरीहरुले अगमवाणी बोल्नेछन् र तिमीहरुका युवकहरुले दर्शन देख्नेछन, र तिमीहरुका बूढापाकाहरु स्वप्नदर्शी हुनेछन्" ।**

**मुख्य वाक्य : पेन्तीकोस मण्डलीको शुरुआतको मोहर लगाउँदछ ।**

**जीवनको सिद्धान्त : पवित्र आत्माले जवाफ दिएमा हामी परिवर्तन हुनेछन् ।**

**सारांश :** जब हामी २ अध्ययमा पेन्तिकोसको बारेमा पढ्दछौं, त अध्यय १ मा येशू खीष्टद्धारा भन्नु भएको प्रतिज्ञा पुरा भएको पाउँदछौं । जति पनि मानिसहरु अलग–अलग देशहरु वा राज्यहरुबाट एक ठाउँमा जम्मा भएको थियो, उनिहरु माथि पवित्र आत्मा एउटा आँधी बेहरीको अवाजको रुपमा ओर्लेर आउनुभयो, र अन्य अन्य भाषामा बोल्न थाल्यो । अन्य भाषालाई आफ्नो मातृभाषाको रुपमा बुझेको कारणले पत्रुसको संदेशलाई बुझ्न सक्यो । यो एउटा शक्तिशाली चिन्ह थियो जसले समस्त देशहरुको परमेश्वरले एकता ल्याउँदछ । सुसमाचारमा पाउने डरपोक पत्रुसको तुलना यहाँ प्रेरितहरुको काममा पाउने साहसी पत्रुससंग दाँज्नेछौं । पवित्र आत्माको शक्तिमा उनले आफ्नो पहिलो प्रचारमा योएल २:२८ पुरा भएको वर्णन गर्दछ । पत्रुसको प्रचार र पवित्र आत्माको शक्तिशाली कामद्धारा टर्की, मिश्र, इराक, ईरान, अफ्रिका, र ईटलीबाट आएको लगभग ३,००० जना मण्डलीमा थपिए । शुरुआती मण्डली पुर्णरुपले मनमा एकता वा जीवित कार्यहरुले भरेको थियो, मानिसहरुमा यति धेरै प्रेम थियो की, उनिहरुले अरुको भलाईको लागि आफ्नो अचल सम्पत्ती बेचेका थिए । यस्तो किसिमको आत्माले भरेको समुदायले अरुहरुलाई येशू खीष्टतर्फ खीचेको हुन्छ । यदि हामी पनि शुरुआती मण्डली समान एक अर्काको वास्ता राख्ने बिश्वासी बन्यौ भने वर्तमान समयमा हामीले आफ्नो समाजमा कस्तो प्रकारको प्रभाव देख्न सक्छौं होला ? पेन्किोसकोकारणले बिश्वासीहरुको जीवनमा नयाँ अध्यय शुरुभयो ।तर मण्डलीमा यहूदी परम्परा कायम रह्यो र त्यो सधैं आराधानामा देख्नथाल्यो । अर्को कुरा उनिहरु घरघरमा गएर भेट्न थाल्यो, जसरी येशूले उनिहरुलाई

गरेर देखाउनु भएको थियो । उनिहरु एक अर्कामा रोटी भाँच्दै रह्यो । उनिहरुले यहूदी प्रचार गरे र शुरुआती वर्षमा उनिहरुले अलग बिचार अपनाउन पुग्यो की, पवित्र आत्मा पाउनका लागि तपाई यहूदी हुनु अति जरुरी थियो । हुन सक्छ उनिहरुले येशूको अन्तिम शब्द भुल्यो होला । (प्रेरित १:८) "सारा जगतमा" । स्तिफनस देखि सतावट शुरु भई लगभग येशूको सबै चेलाहरुलाई भएको थियो, जसको फलस्वरुप बिश्वासीहरुले सामरिया तथा अरु ठाउँहरु छोडेर पृथ्वीको अन्तिम छेऊसम्म जानु पऱ्यो ।

❖ **पवित्र आत्माले जवाफ दिएमा हामी परिवर्तन हुनेछौं ।**

# प्रेरितको पुस्तक

## पाठ ३ : अध्याय ३ र ४

**मुख्य वाक्य :** पत्रुसको वचनले सतावट, शक्ति, र मण्डलीको प्रार्थनामा एकता ल्याउँदछ ।

## पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ३:१-११ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) पत्रुस र यूहन्ना कहाँ थिए र भिखारीले उनीहरुलाई के को आशामा हेरेका थिए?

२) पत्रुसले कसको शक्तिद्धारा लंगडालाई निको पारे ?

३) विभिन्न मानिसबाट कस्तो प्रकारको प्रतिक्रिया थियो ?

## दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ३:१२-२६ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) भीडको सामु येशू खष्टिको बारेमा बताउने समयमा कुन वचनको प्रयोग गर्नु भएको थियो, जसले परमेश्वरलाई महिमा मिलेको थियो ?

२) तपाईको विचारमा ३:१६ पद अनुसार "उहाँको नाउँमा विश्वास"को अर्थ के हुनसक्छ ?

३. हामीलाई ताजापन कहाँबाट पाउँछौं ?यो कुरा तपाईको जीवनमा कुन प्रकारले सत्य सावित हुन्छ ?

४. यस वचनको आधारमा सबै भविष्यवक्ता कस्को बिषयमा बोल्दै हुनुहुन्थ्यो ?

५. भविष्यवक्ता र अब्राहामद्धारा कुन करार अथवा प्रतिज्ञा हामीसम्म पुगेको छ, जसद्धारा हामीअरुलाई आशिष तुल्याउन सक्छौ ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ४:१-१२ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) मानिसहरुले पुनरुत्थानको बारेमा सुन्ने बित्तिकै कस्तो प्रकारको प्रतिकृया दियो ?

२) पत्रुस र यूहन्नालाई के भयो ?

३) के कुराले पत्रुसलाई बोल्ने शक्ति दियो ?

४) के परमेश्वरले तपाईलाई त्यही शक्ति दिनु भएको छ ? कहाँ र कसरी ?

## चौंथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ४:१२-२२ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) पवित्र आत्माले भरिएपछिको परिणाम कस्तो थियो ?

२) कुन वचन खण्डले हामीलाई केवल येशू मात्र मुक्तिको बाटो हुनुहुन्छ भनि प्रकट गर्दछ ?

३) निम्न लिखित व्यक्तिहरुको स्वभाव वा कामको वर्णन गर्नुहोस् ?

क) पत्रुस र यूहन्ना ख) मानिसहरुको ग) अधिकारीहरु

## पाँचौं दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ४:२३-३७ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) विश्वासीहरुले के कुराको लागी परमेश्वरको प्रशंसा गरे ?

२) के यो प्रार्थनामा स्विकार वा निवेदन पाउनुहुन्छ ?

३) परमेश्वरले उनिहरुको प्रार्थना उत्तर कुन प्रकारले दिनु भयो ?

४) परमेश्वरले तपाईको प्रार्थना कसरी सुन्नु भयो ?

५) के तपाईं विश्वास गर्नुहुन्छ, की येशूमाथी विश्वास गर्नाले हामीले चंगाई पाउँदछ ?

## छैंटौं दिन

**पाठ ३ : मण्डलीले हिम्मतको लागि प्रार्थना गर्छन् ।**

**मुख्य पाठ : प्रेरितको पुस्तक ३ र ४ अध्याय ।**

**मुख्य खण्ड : प्रेरित ४:१२ अरु कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।**

**मुख्य वाक्य : पत्रुसको वचनले सतावट, शक्ति, र मण्डलीको प्रार्थनामा एकता ल्याउँदछ ।**

**जीवनको सिद्धान्त : पवित्र आत्माद्धारा पाउने हिम्मतबाट मानिसहरु प्रति हाम्रो उपदेश, मित्रता, प्रार्थना र स्वभावमाथि प्रभाव पार्दछ ।**

**सारांश :** प्रेरित ३–७ अध्ययमा हामी यो पाउँदछौं की, मण्डलीद्धारा पवित्र आत्माको शक्तिमा शारिरीक र आत्मीक चंगाइको साथ जनसमुदायको विचमा पुनरुत्थान हुनुभएको

येशूको बारेमा घोषणा गरे । उदाहरणको रुपमा प्रेरित ३:१–९ मा पाउने घटना जो जन्मैदेखिको लंगडा निको भएको । त्यो व्यक्ति प्रभु येशूको शक्तिद्धारा निको भयो, र तुरुन्तै परमेश्वरको महिमा गर्न थाले, जब उनी परमेश्वरको प्रशंसा गर्न थाले,त्यस समयमा मानिसहरुले यो थाहा पाए की, यिनी जन्मैदेखिको लंगडो थियो । पत्रुसले यस अवसरको लाभ उठाउँदै त्यहाँका मानिसहरुलाई पुरानो नियमको भविष्यवक्ताहरुबाट गर्दै, क्रूसमा टाँगिनु भएको परमेश्वरको पुत्रको बारेमा बदाउँदछ । पत्रुसले पश्चतापको लागि अव्हान गर्दछ र येशू ख्रीष्टको दोस्रो आगमनको बारेमा पनि प्रचार गर्दछ । अध्याय ४ को शुरआत सदुकी र महायाजकहरुद्धारा पत्रुसले मृतकहरुको पुनरुत्थान हुने बारेमा प्रचार अथवा मानिसहरुलाई शिक्षा दिने ईच्छको विरोध गर्नुबाट हुन्दछ । तिनीहरुले पत्रुस र यूहन्नालाई झ्यालखानामा हाली दिन्छन् तरै पनि ५,००० मानिसहरुले त्यही दिन बिश्वास गरे । जब भोली पल्ट अधिकारी, सदुकीहरु र शासकहरुले पत्रुस र यूहन्नालाई प्रश्न सोधे तब पत्रुसले तेस्रो उपदेशबाट जवाफ दिए । यो छोटो भएता पनि पवित्र आत्माको शक्तिद्धारा अगुवाई भएको थियो । पद १३ मा जब तिनीहरुले पत्रुस र यूहन्नाको साहस देखे, यिनीहरु अशिक्षित र साधारण मानिसहर भनि थाहा पाए, तब तिनीहरु छक्क परे, र यिनीहरु येशूसंग रहन्थे भन्ने कुरा तिनीहरुले थाहा पाए । यो कुरा वास्तवमा हामी भित्र वास गर्ने येशूको क्षमतालाई दर्शाउने सामर्थी वाक्य थियो । के मानिसहरुले हामी येशूको साथ जविन बिताएको कुरा देख्न सक्छन त ? पत्रुस र युहन्ना झयालखानाबाट छुट्ने बित्तिकै भाईहरु कहाँ पुग्यो, जो प्रार्थना गर्दै थियो र प्रार्थनाद्धारा उनिहरुको बिश्वासलाई अझ बलियो तुल्यायो । उनहिरुले परमेश्वरको स्तुती, प्रशंसा गर्दै घोषणा गर्‍यो की, परमेश्वर अगुवाहरु, राष्ट्रहरु, र सबै परिस्थितीहरुमा नियन्त्रण राख्नुहुन्छ, र उहाँ सर्वश्रेष्ठ हुनुहुन्छ । उनिहरुले यो अनुरोध गर्‍यो की, आफ्नो सामर्थी हात र वचनहरु उनिहरुको जीवनमा प्रदान गरुन ताकी अरु मानिसहरुले उहाँलाई चिन्न सकून् । जब सबै बिश्वासीहरु हृदय र आत्मामा एक भए उनिहरुले आफ्नो जीवन परमेश्वरमा समर्पण गरे । र यो ठाने की सबै जना परमेश्वरको राज्य विस्तारको लागि एउटा उपयोगी औजार हुनुपर्ने । जो हरु मिलेर बसिरहेका भाईहरुको आदर्श समाजलाई नियालेर हेर्दै थिए, उनिहरुले अनुग्रहको परिवर्तन गर्ने आज्ञा, दया र आशिष जो परमेश्वरबाट हामी सम्म आईपुगेको छ ।

❖ **पवित्र आत्माबाट पाउने साहसले हाम्रो वोली, मित्रता, प्रार्थना र हाम्रो अधिकार प्रति प्रभाव पार्दछ ।**

# प्रेरितको पुस्तक

## पाठ ४ : अध्याय ५ र ७

**मुख्य वाक्य :** आन्तरीक र बाहिरी रुपले मण्डलीको परिक्षा हुँदछ ।

## पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ५:१-१७ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) हननिया के गरे ? के उनको श्रीमती उनी संग सहमत थियो ?

२) कुन वचनले हामीलाई हननिया र सफिराले पवित्र आत्माद्धारा झूठ बालेको कुरा बताउदछ ?

३) यूहन्ना १५:२६–२७ मा पवित्र आत्मालाई के भनि सम्बोधन गरिएको छ ?

४) यो घटनाद्धारा हामी परमेश्वरबाट के कुरा सिक्न सक्छौं ?

५) पद १२ देखि १६ सम्म हामीले त्यो समयमा मानिसहरुको जीवनमा भएको अनेकौं आश्चर्यकामहरु देख्नसक्छौं र वर्तमान समयमा कस्तो प्रकारको आश्चर्य कामहरु हुने गर्दछन् र तिनीहरुको परिणाम कस्तो हुने गर्दछन् ?

## दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ५:१७ -४२ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१. तपाई धार्मिक अधिकारीहरुमा कस्तो प्रकारको स्वभाव देख्नुहुन्छ ?

२. कस्तो प्रकारले प्रेरित येशू ख्रीष्टप्रति प्रेम र ईमानदारीको व्यक्त गर्दछ ?

३. प्रेरितहरुको लागि यहूदीहरुको व्यवस्था पालन गर्नु भन्दा येशू ख्रीष्टको गबाही दिनु किन महत्वपुर्ण थियो ?

४. यी पदहरुले बिरोधको बिषयमा के भन्दछन् ?

क) फिलिप्पी १:२९

ख) २ तिमोथी ३:१२

५. पद ४१ र ४२ मा प्रेरितहरुको स्वभाव कस्तो थियो ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ७:१-१० सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) कस्तो प्रकारको समस्या उठेको थियो, र त्यस्को समाधान कसरी भयो ?

२) मण्डलीको प्रथम डिकनहरुको योग्यता के के थियो ? उल्लेख गर्नुहोस् ।

३) स्तिफनसको चरित्रको गुणहरुको सुचि तयार गर्नुहोस् ?

४) उसको कुनचाँही गुण तपाई अपनाउन चाहनुहुन्छ ?

## चौँथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ७:११-१५ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) मानिसहरुले स्तिफनसलाई कस्तो प्रकारको आरोप लगाए ?

२) लूका १२:११ र मत्ति १०:१९ र २० मा यस परिस्थितीको लागि हाम्रो प्रतिक्रियाको बारेमा के बताउछन् ?

३) तपाईको बिचारमा स्तिफनसको अनुहार किन स्वर्गदुतको जस्तो चम्किलो भयो ?

## पाँचौं दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ७ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) निम्न लिखित पदहरुमा स्तिफनसद्वारा प्रस्तुत गरिएको महत्वपुर्ण विचारहरुलाई व्यक्त गर्नुहोस् ?

क) प्रेरित ७:१–३८

ख) प्रेरित ७:३०–५०

ग) प्रेरित ७:५१–५३

२) परमेश्वरले स्तिफनसलाई कसरी विश्राम दिनु भयो ?

३) ढुङ्गा हान्नेहरुको कपडाको संरक्षण कस्ले गरिरहेको थियो ?

४) प्रेरित ७:५९ मा स्तिफनसको संग प्रार्थना गरिरहेको थियो ?

# छैटौं दिन

**पाठ ४ : दु:ख बढ्दै जानु ।**

**मुख्य पाठ : प्रेरितको पुस्तक ५ र ७ अध्याय ।**
**मुख्य खण्ड : प्रेरित ५:२९ मानिसहरुको होईन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ ।**
**मुख्य वाक्य : आन्तरीक र बाहिरीरुपले मण्डलीको परिक्षा हुँदछ ।**
**जीवनको सिद्धान्त : आत्मिक सतावटद्धारा फल उत्पन्न हुन्छ । परमेश्वरको सामर्थ्य हामीमा बढ्दै जान्छ र हाम्रो आत्मिक जरा बलियो हुन्छ ।**

**सारांश :** घनिष्ट सम्बन्ध राख्ने मण्डली हननिया र सफिराले झूठा धोका दिएको कारणले धेरै डर त्रासमा थियो । यो घटनाले हामीलाई यो बताउछन् की, हामी बाहिरी रुपले राम्रो हुन सक्छन् तर परमेश्वरले हाम्रो मनलाई जाँच्नुहुन्छ र उहाँ नै साँचो न्यायकर्ता हुनुहुन्छ । मण्डलीको शुरुआती पाप प्रति गरेको अचानक न्यायको शुद्धीकरणको रुपमा स्वीकार गरिएको छ । निश्चय नै हामीलाई यो चेताउनी दिन्छन की, परमेश्वरले हाम्रो पापलाई गम्भिर रुपले लिन्छन् । अध्यय ५:११ ले भन्छन् "समस्त मण्डलीमा र यस घटनालाई सुन्ने हरेक माथि डर छायो"। यस गम्भिर घटनाले गर्दा समस्त मण्डली माथि ठूलो भय छाएको थियो । तरै पनि यस भयलाई केही नठानी वा सायद डरको कारणले गर्दा धेरै मानिस हरु मण्डलीमा गाँभियो । धेरै मानिसहरु परमेश्वरमा फर्केको कारण धार्मिक अगुवाहरुमा डाह उत्पन्न हुँदछ । उनिहरुले प्रेरितहरुलाई झ्यालखानामा हालि दिए । तर परमेश्वरले आश्चर्य रितीले उनिहरुलाई मन्दिरमा जीवनको सबै कुराहरुको प्रचार गर्नकोलागि पठाईदिनु भयो(प्रेरित ५:२०) । अधिकारी र कप्तानले उनिहरुलाई ल्याएर फेरी महासभाको अगाडी खडा गराए । प्रधान पुजारीले तिनीहरुलई सोधे "हामीले तिमीहरुलाई यस नाउँमा केही शिक्षा नदिने कडा आज्ञा दिएका थियौं ? फेरी पनि तिमीहरु त्यही काम गर्दै छौ । पत्रुस र बाँकी सबै प्रेरितहरु एक मत भई भने हामीले मानिसहरुको होइन तर परमेश्वरको आज्ञा पालन गर्नु पर्छ । (प्रेरित ५:२५) येशू खीष्टलाई जस्तो उनिहरु मृत्यू दण्ड दिनुको साटो महासभाले परमेश्वरको भए मान्ने गमलिएल नामक एक जनाको बुद्धिपुर्ण सल्लाहलाई माने, जसले भने की "यि मानिसहरु देखि टाडा बस, र यिनीहरुलाई छोडी दिनुहोस् किनकी तिनीहरुको यो योजना अथवा यो काम मानिसहरुबाट रहेछ भने त्यो आफै मेटिनेछ, तर यदि यो परमेश्वरबाट हो भनेता

तपाईहरु यस लाई रोक्न सक्नुहहुन्न । नत्रता त पाईहरु परमेश्वरको बिरुद्धमा उठेका ठहरीनु हुनेछ "। (प्रेरित ५:३८–३९) अन्तः उनिहरुले प्रेरितहरुलाई त्यसै छोड्न चाहेनन् । उनीहरुले प्रेरितहरुलाई भित्र बोलाएर पिटे र धम्किहरु दिएर छोडी दियो । यो घटनाको सब भन्दा राम्रो पक्ष हो प्रेरितहरु आनन्दित हुनु । उनीहरु यस प्रकार खुशी थियो कि, येशूको नाउमा अपमान सहने योग्यको ठहरियो । के तपाईले ख्रीष्टको निम्ति दुःख उठाउनु आनन्दको कुरा सम्झनु भएको छ । यो कुरा संसारिक र बिश्वासी जगतमा एक प्रकारको असमान्य प्रतिकृया हो । तर यस कुरालाई पवित्र आत्माको सहयताबाट हुनसक्दछ । जुन पवित्र आत्माले प्रेरितहरुको नम्रता र आनन्द प्रदान गरयो, त्यही पवित्र आत्मा आज पनि बिश्वासीहरुको जीवनमा बास बस्नुहुन्छ । पवित्र आत्माले बल, अगुवाई, निर्देशन, योजना, सशक्त र जीवनलाई छोएको छ । पवित्र आत्माले नै यी सबैकार्यहरु गर्नुहुन्छ । हाम्रो काम चाहीँ पवित्र आत्मालाई स्विकार गर्ने, उहाँको औजार बन्नु, उहाँको ईच्छा अनुसार जीउनु, आफ्नो मुखलाई खोल्नु तथा उहाँद्धारा राखिएको हरेक परिस्थितीको फाईदा उठाउनु हो । (पवित्र आत्माको बारेमा धेरै जनकारी पाउनको लागि यूहहन्न १४ र १६ अध्यय अध्यन गर्नुहोस) ।

अध्यय ६ मा चेलाहरुको छबिलाई धमिल्याउने प्रेरितहरुको सामु सिकायत ल्याए । यस समस्यालाई समाधान गर्नको साटो प्रेरितहरुले यस्तो व्यक्तित्वहरुको छनौट गरी जिम्मेवारी सुम्पिदिए ।

क) आदरणीय

ख) आत्मा र बुद्धिले भरिएका ।

यो कुरा समुहका सबैलाई मनपरयो । जस्को फलस्वरुप परमेश्वरको वचन बढ्दै गयो र चेलाहरुको संख्या अत्यानतै बढ्दै गयो । यो अनुछेदलाई अत्याधिक आत्मिक वरदानको अनुछेदको रुपमा देख्नसकिन्छ । हामी पढ्छौं की प्रेरित आफ्नो बोलावट र वरदानको अनुसार सेवा गर्न चाहिन्छन् र अरुलाई पनि अवसर प्रदान गर्छन् । ताकी उनिहरुले पनि आफ्नो भूमिका र बिशेष वरदान अनुसार सेवा गर्न सकून् । प्राय मानिसहरुको भनाई के छ भने मण्डलीसंग सम्बन्धित सबै प्रकारको काम पाष्टरले गर्नु पर्छ तर पत्रुस १ अध्ययमा हामीलाई बताउछन् की हामीहरु प्रत्येकलाई बिशेष वरदान दिनु भएकोछ । के कहिल्यै आफ्नो परमेश्वरद्धारा दिनुभएको अचम्म प्रकारको वरदानहरुको बारेमा वा भूमिकाको बिषयमा बिचार गर्नु भएको छ, जसलाई तवाई येशूको शरिमा निभाउन

सकून ? यो कुरा धेरै नै रोचक छन् की स्तिफनस पवित्र आत्माद्धारा मेजको सेवा गर्नलाई चुनिएको थियो , परमेश्वरले स्तिफनसलाई दिनुभएको बुद्धिको कारण उनि प्रति मानिसहरु डाहा गर्न थाले र उसलाई आराधनालय भत्काउने कुराको आरोप लगाए । तिनीहरुले उनलाई निन्दा गर्ने आरोप लगाउन थाले र अरु धेरै झुटो गबाही हरु उनको बिरुद्धमा खडा गरऱ्यो । स्तिफनसले उनिहरुलाई ५२ पदको उपदेश दियो, जसले यो कुरा सुनेर दाह्र किट्न लागे, जब परमेश्वरको प्रकाश उनको मुहारमा प्रकट थियो र सबैले उनलाई देख्न सक्थे । परमेश्वरको उपस्थितीलाई थाहै नगरी तिनीहरुले आफ्नो कानलाई थुने, शहर देखि बाहिर तानेर उनलाई ढुङ्गाले हानेर हत्य गरे । जब उनलाई ढुङ्गाले हानीरहेका थिए, येशू ख्रीष्टको जस्तै उदाहरण बनि परमेश्वरसंग प्रार्थना गरी भन्नुभयो की यिनीहरुको पाप क्षमा गरी दिनुहोस् । यसप्रकार स्तिफनसलाई परमेश्वरद्धारा ख्रीष्टियन जगतमा पहिलो शहिदको रुपमा आदर गरे ।

❖ **आत्मिक सतावटले फलफलाउन, शक्तिशाली बनाउनु र हाम्रो आत्मिकरुपले बलियो बनाउँछ ।**

# पाठ ५ : अध्याय ८ र ९

**मुख्य वाक्य :** स्तिफनसको मृत्युबाट बडो सतावटको आरम्भ भयो र सु-समाचार चारैतिर फैलियो ।

## पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ८:१-८ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) स्तिफनसलाई ढुङ्गा प्रहार गरी मृत्यु पश्चात् उत्पन्न भएको सतावटले के राम्रो परिणाम ल्यायो ?

२) तपाईको विचारमा फिलिप कसरी अरुद्वारा सामरियामा छरिएको बीउको फसललाई काटानी गरिरहेका थिए ?( यूहन्ना ४:३९-४२)

३) तपाई र तपाईको संस्कृतिबाट अलग मानिसहरु प्रति परमेश्वर तपाईलाई कुन प्रकारको व्यवहार गर्नमा अगुवाई गर्नुहुन्छ ?

## दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ८:९ -४० सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) विश्वासीहरुले के गरे जब उनीहरु विभिन्न ठाउँमा तितर वितर भए ?

२) के तपाईले आफ्नो विश्वास बाँडनु र विरोधको अनुभव गर्नुभयो ?

३) फिलिपले आफैलाई के पाँए र नपुंसकको आत्मिक अवस्था कस्तो थियो ?

४) यशैया ५३:३-६ पढ्नुहोस् र जहाँ 'हाम्रो' र 'हामी' लेखेको छ त्यहाँ आफ्नो नाम लेख्नुहोस्

# तेस्रो र चौँथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक ९:१-१९, २२:१-१६, २६:९-१९ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) तपाई यी अनुच्छेदमा पावलको मन परिवर्तनमा के पाउनभयो ?

क) ज्योति

ख) एउटा आवाज

ग) मसिहद्धारा बोलिएको शब्द

घ) पावलको आज्ञाकारिता

२) येशू मसिहलाई चिनेपछि कुन बस्तुले तपाईको जीवनमा केहि खास प्रभाव पर्दैन ?

३) के तपाई परमेश्वरद्धारा हननियालाई बोलाइएको र उनको प्रतिक्रियाबाट केहि कुरा सिक्नु हुन्छ ?

# पाँचौं दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ९:२०-३१ र गलाती १:११-२४ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) दमस्कस छोडेपछि पावल कहाँ गए र कति समयको लागि गए ?

२) शाऊलको सम्बन्धित सेवकाईलाई खोज्नको लागि पढ्नुहोस् । (प्रेरित ९:१५, रोमी १:५ र गलाती १:१६)

३) पावलको सहायता गर्नको लागि बारनाबासले कुन जोखिम र बलिदान उठाए ?

४) पहिलो पटक यरुशलेममा रोकिदा पावललाई के भयो ?

५) बढ्दो मण्डलीको विषेशता के हुर्दछ ?

६) तपाई आफ्नो व्यक्तिगत जीवनको लागि बढौतरको गुणामा कुन ध्यान केन्द्रित गर्न चाहनुहुन्छ ?

# छैटौं दिन

**पाठ ५ : स्वतन्त्र**

**मुख्य पाठ : प्रेरितको पुस्तक ८ र ९ अध्याय ।**
**मुख्य खण्ड : प्रेरितको पुस्तक ८:४ छरपष्ट भएकाहरुले चारैपट्टि गएर वचन प्रचार गरे ।**
**मुख्य वाक्य : स्तिफनसको मृत्युबाट बडो सतावटको आरम्भ भयो र सु-समाचार चारैतिर फैलियो ।**
**जीवनको सिद्धान्त : सतावटमा पनि परमेश्वर हाम्रो आज्ञाकारिता द्धारा बन्द हृदयलाई पनि खोल्न सक्नुहुन्छ ।**

**सारांश :** शायद त्यो समय यहाँ सम्झन मुस्किल होला, तर परमेश्वरको महिमा र उपस्तिथ तथा उद्देश्य सितिफनसको मृत्युमा समयमा सहभागी थिए । जसको कारण विश्वासीहरुले अत्याधिक रुपमा सतावटको सामना गर्न पऱ्यो । विश्वासी मानिसहरु तितर वितर भएर यरुशलेम बाहिर गए, यहूदिया र सामरिया अनि जगत्को अन्त सम्म ख्रीष्टको साक्षी भए । (प्रेरित १:८) सतावटरुपी अन्धकार नै जगत्मा ज्योति लिएर जानको लागि माध्यम बन्यो । यसो भनिन्छ कि, सन्तहरुको मृत्यु नै मण्डलीको बिउ थियो । इतिहास यो कुराको गवाही छ, कि जहाँ कहि पनि विश्वासी मानिसहरु आफ्नो विश्वासको लागि मारिए, त्यहाँ मण्डली बढ्यो । आउनुहोस् हामी परमेश्वरसँग हाम्रो विश्वासलाई बढाउनको लागि प्रार्थना गरौँ ताकि हामी विश्वास गर्न सकौँ । उहाँ अन्धकारमा ज्योति प्रदान गर्नमा योग्य हुनुहुन्छ ।

यद्यपी हामी त्यो समय जान्दैनौ कि फरिसी शाऊल सारा जगत् सम्म परमेश्वरको वचन फैलाउनको लागि परमेश्वरले चुनिएको पात्र थिए । उनी स्तिफनसलाई मार्ने भिडसँग सहमत थिए । जबकि उनी उनको हत्याराको वस्त्रको हेरचाह गर्ने वाला थिए । उनले स्तिफनसलाई येशूद्धारा कुशमा गरिएको प्रार्थना जस्तै परमेश्वर पिता सँग उनलाई मार्ने मानिसहरुको पाप क्षमाको लागि प्रार्थना गर्दै सुने । स्तिफनसको मृत्यु पश्चात् शाऊल रिसले भरिएर यरुशलेममा विश्वासीहरुलाई सताउन लागे ।

येशुले उनलाई स्पष्ट रुपमा सु-समाचार हरेक स्थानमा फैलाउनको लागि भनेका थिए, तर यो कार्य हुनको लागि समय लाग्यो र अलिकति परिस्थितिलाई पनि भड्काइयो । तर पेन्तिकोसको दिनबाट प्रेरितको पुस्तक १५ अध्याय सम्म प्रेरितलाई यो सम्झिनको लागि २० बर्ष समय लाग्यो कि विश्वासी हुनको लागि कुनै यहूदी हुन जरुरी छैन । पावलद्वारा एफिसस २:११-२२ लेख्ने समय सम्म पावललाई यो प्रकट थियो कि, परमेश्वरबाट धेरै टाढा हुदाँ पनि हामीलाई उहाँको पवित्र मन्दिरको एक हिस्सा बनाइएको थियो । हामी उहाँका निवास स्थान बनेको थियौं, जहाँ उहाँ स्वयम आफ्नो आत्मामा भएर वास गर्नु हुन्थ्यो । यहूदीहरुको मन, हृदय र उनीहरुको पद्धतिमा यो धेरै ठूलो परिवर्तन थियो । हामी देख्न सक्छौं कि अध्याय ८ मा यो रहस्य फिलिपद्धार खोलिन्छ । स्तिफनसको मृत्यु पश्चात् उनी सामरिया गए, जो अशुद्ध शत्रुको निवास हो भनि मानिन्छ । उनले यरुशलेममा यहूदीहरुको अगुवाई गर्नको विपरित परमेश्वरले चमत्कार र आश्चर्यकर्म द्धारा वचनको पुष्टि गरे र सामरियाको मानिसहरुले सु-समाचार माथि विश्वास गरे, र पछि पत्रुस र यूहन्नाले फिलिपसँग मिलेर मानिसहरुले पवित्र आत्मा पाऊन भनि प्रार्थना गरे । निश्चय नै जब प्रभु येशू मसिहको वचन प्रचार गरिन्छ, बिउ पक्का पनि असल र खराब जमिनमा पर्दछ । सिमोन जादुगर खराब जमिन थिए । उनी मसिहको संन्देशबाट प्रभावित पक्कै पनि भए तर उनी पवित्र आत्माको सामर्थ्य प्रकटीकरण तिर अधिक मात्रामा आकर्षित भए र उनी त्यो शक्तिलाई किन्न चाहन्थे । पत्रुस र यूहन्नाले बडो शक्तिसाथ सम्झाए, यद्यपी उनले प्रभु येशूमा विश्वास गरे र उहाँको नाममा बप्तिस्मा लिए तर शक्ति प्राप्त गर्नको लागि भोक र उनको तितोपनाले उनले पर्खेनन् । एक पल्ट फेरि पवित्र आत्माले अन्यजातिहरुको बिचमा परमेश्वरको वचन लिएर जानको लागि फिलिपलाई प्रयोग गर्नुभयो । उहाँले फिलिपसँग कुरा गर्नुभयो र उनलाई गाजातर्फ जाने बाटो मरुभूमि तिर पठाउँनु भयो, जहाँ उनले त्यो नपुंसकलाई सु-समाचारद्धारा प्रभु येशूको बारेमा बताए । त्यो व्यक्तिले विश्वास गरे र बप्तिस्मा लिए ।

प्रेरितको पुस्तक ९ अध्यायमा हामी फेरि एक पल्ट शाऊलद्धारा गरिएको सतावटलाई हेर्नेछौ । उनीसँग विश्वासीलाई अर्थात स्त्री र पुरुषलाई गिरफ्तार गर्ने अनुमति थियो । दमस्कसको बाटोमा स्वयम येशूसँग उनको सामना हुन्छ र येशूले सोध्नु हुन्छ ***"शाऊल शाऊल तिमी मलाई किन सताउँछौ ?"*** शाऊलले ईमान्दारीसाथ सोधे प्रभु तपाई को हुनुहुन्छ ? येशूले उत्तर दिनुभयो म येशू हूँ जसलाई तिमी सताइरहेको छौं । तर अब उठ

र त्यो शहरमा जाऊ अनि तिमीलाई बताइनेछ तिमीलाई के गर्नु पर्नेछ । शाऊलले परमेश्वरमो आज्ञा पालन गरे र दमस्कस गए, जहाँ प्रभुले शाऊललाई चंगाई गर्नको लागि आफ्नो दास हननियालाई पठाउनुभयो । हननिया शाऊलद्धारा गरिएको अत्याचारको खबर सुनेर शाऊलको नजिक जान चाहन्थेनन् । तर येशूले उनीलाई भन्नुभयो कि, शाऊल अन्यजातिहरुलाई सु-समाचार सुनाउनको लागि परमेश्वरले चुन्नु भएको पात्र हुन् । हननियाले हात राखेपछि शाऊलले उनको दृष्टि प्राप्त गर्छन्, उनी केहि समय प्रेरितसँग बिताउँछन् र त्यसपछि सभाघरहरुमा गएर येशू मसिहको प्रचार गर्न थाल्छन् । वचनले भन्दछ, पावल साबित गर्छैन् कि, येशू नै ख्रीष्ट हुनुहुन्छ ।

यहूदीहरुले फेरि पनि पावलको कुरामा विश्वास गरेनन् । उनीहरु पावललाई नोक्सानी दिनको लागि योजना बनाउन लागे, जसको जानकारी पावललाई भयो र उनी शहरको पर्खाल तरी भागे । उनी यरुशलेम फर्केर प्रेरितसँग भेट गर्न चाहन्थे, तर उनीहरु पावलको कारण निकै भयभित थिए । बारनाबासले जो एक उत्साह दिने व्यक्ति थिए । शाऊललाई आफ्नो साथमा लिई भाईहरुद्धारा स्वीकार गर्ने समय सम्म उनले आफूसँग राखे । विरोधको समय धेरैजसो काम गर्नको लागि एउटा नयाँ बाटो खोल्दछ । विरोध परमेश्वरसँग यात्रा गर्नको लागि नयाँ मार्ग हुन्छ तर परमेश्वरले पनि हामीलाई कहिल्यै एक्लै छोड्नु हुन्न । हाम्रो सहायक हामीलाई कहिल्यै एक्लै छोड्नु हुन्न । (यूहन्ना १४:१५-२१)

शाऊल पछिबाट आफ्नो रोमी नाम पावलबाट चिनिन्छन् । पावलले मन परिवर्तन र उनको सु-समाचार प्रचार गर्ने समयको बिचमा धेरै बर्षको अन्तर छ । उनको विचार, जीवनको उद्देश्य, कार्य, समय, संगीत, साथी र उनको जीवनको ढाँचा मसिहद्धारा पूरा रुपमा परिवर्तन हुन्छ । गलाती १:१७ मा हामीलाई भन्दछन् उनी परमेश्वरसँग एकान्तको समय बिताउनको लागि अरब देशमा गए । हामीमा प्रत्येक मानिस जस्तै पावलको जीवनमा परमेश्वरको अलौकिक बोलावट थियो र अन्यजातिहरुमा प्रेरितको कठिन बोलावटलाई पूरा गर्नको लागि पावललाई परमेश्वरको साथ एकान्तमा समय बिताउन जरुरी थियो ।

- **सतावटमा पनि परमेश्वर हाम्रो आज्ञाकारिताद्धारा बन्द ह्दयलाई पनि खोल्न सक्नु हुन्छ ।**

# प्रेरितको पुस्तक

## पाठ ६ : अध्याय ९ देखि ११

**मुख्य वाक्य :** अन्यजातिहरुको मण्डलीमा प्रचार गरेर पत्रुस सिमालाई तोडिदिन्छन् ।

### पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय ९:३२-४३ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पत्रुसलाई यो अनुच्छेदमा यहोवाले कसरी प्रयोग गर्नुभयो ?

२) योप्पामा पत्रुस कोसँग रोकिए ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १०:१-८ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) कर्नेलियस के गर्दै थिए, जब उनलाई दर्शन मिल्यो ?

२) यो पदहरुमा कर्नेलियसलाई कसरी दर्शाइएको छ ?

३) तपाईको विषयमा तपाईको परिवारहरु वा तपाईको मित्रहरु कसरी व्याख्या गर्नुहुन्छ ?

### तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक १०:९-१८, व्यवस्था १७:१०-१४, व्यवस्था ११ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) कुन 'शब्द' यो सम्पूर्ण अनुच्छेदमा दोहोरिएको छ ?

२) कुन घटनाले व्यवस्थालाई तोड्यो, जसको द्वारा अन्यजातिहरु यहूदीहरुसँग बसेर भोजन गर्न सके ?

३) आजको समयमा परमेश्वर हामी सँग कसरी कुरा गर्नु हुन्छ ?

४) परमेश्वरले पत्रुसलाई के गर्न भन्नुभयो, जो उनको लागि यहूदी भएर गर्नमा सजिलो थिएन ?

५) कुन वचनले हामीलाई पत्रुसको जीवनमा अगुवाई गर्नमा सहायता गर्दछ ?

६) कुन वचनले थाहा हुन्छ कि, परमेश्वर प्रत्येक देशको मानिसहरुलाई आफ्नो परिवारको अंश (हिस्सा) बनाउन चाहनु हुन्छ ?

## चौँथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक ११:१-१८ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) यरुशलेममा यहूदी विश्वासीहरुले पत्रुसलाई कस्तो तिरस्कार गरे ?

२) पत्रुस कति पल्ट पवित्र आत्मालाई लिएर आए ?

३) मण्डलीले गैर यहूदीहरुसँग संगति गर्ने र उनीहरुसँग भोजन गर्ने सन्दर्भमा पत्रुसको व्याख्याको कस्तो प्रतिक्रिया दिए ?

४) हामी पत्रुसबाट के सिक्छौ, जब हामीलाई पनि तिरस्कार सहनु पर्दछ ?

५) याकूब २:१ मा हामीलाई हाम्रो ह्दय उनीहरुको बारेमा के बताउँछ, जो हामी भन्दा फरक छन् ?

६) एउटा अन्यायी वा पक्षपता गर्ने ह्दयलाई कसले परिवर्तन गर्न सक्छ ? परमेश्वरसँग केहि समय बिताएर प्रार्थना गर्नुहोस, ताकि परमेश्वरले तपाईको ह्दयलाई पनि परिवर्तन गर्नुभएको होस् ।

## पाँचौं दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक ११:१९-२६ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) एन्टिओखियामा मण्डलीको सुरुवात कसरी भयो ?

२) यरुशलेमको मण्डलीले बारनाबासाई एन्टिओखियामा किन पठाए ?

३) बारनाबासले एन्टिओखियामा कसलाई आफ्नो साथमा लगे ?

४) बारनाबास एन्टिओखियामा कति समय सम्म बसे ?

५) एन्टिओखियाको विश्वासीहरुलाई कुन महत्वपूर्ण नामले चिनियो ?

६) व्यवस्था १३: ३१-३५ र व्यवस्था १८:२०-२२ को अनुसार हामी कुन तरिकाले सच्चा र झुठा भविष्यवक्तालाई चिन्न सक्छौ ?

# <u>छैटौं दिन</u>

**पाठ ६ : "अन्यजातिहरुको लागि अनुग्रह"**

**मुख्य पाठ : प्रेरितको पुस्तक ९:३२-४३ देखि १० र ११ अध्याय ।**

**मुख्य खण्ड : प्रेरितको पुस्तक १०:३४-३५ कि परमेश्वरले पक्षपात गर्नुहुन्न, तर हरेक जातिमा जो उहासँग डाराउँछ र उचित काम गर्छ, त्यो उहाँको सामुन्ने ग्रहणयोग्य छ ।**

**मुख्य वाक्य : अन्यजातिहरुको मण्डलीमा प्रचार गरेर पत्रुस सिमालाई तोडिदिन्छन् ।**

**जीवनको सिद्धान्त : मसिहको देहमा श्रेणीलाई अलग गरिएको छ ।**

**सारांश :** प्रेरितको पुस्तक ९ अध्याय दुई ओटा चमत्कारको साथमा समाप्त हुन्छ । अर्थात लिडियामा लंगडो व्यक्ति चंगाई हुनु तथा योप्पामा डोरकास (तबीता) चमत्कारी ढंकले मृत्युबाट जीवित हुनु । यी दुवै परिस्थितिमा चमत्कारको प्रतिउत्तर परमेश्वरको स्तुति र मानिसहरुले उद्धार पाउनको लागि परमेश्वर तिर फर्किनु थियो । पवित्र आत्माद्धारा यी अदभुत कामबाट सु-समाचारलाई निश्चय नै प्रोत्साहन प्राप्त भयो, जबकि यो चमत्कार आज पनि हाम्रो लागि प्रोत्साहनको करा हो । यो हामीलाई परमेश्वरको त्यो राज्यतर्फ इशारा गर्दछ, जहाँ सारा बिरामी चंगाई भईहाल्छ, सारा दुःख टाढा भाग्दछ, सारा गल्तीको सुधार भइहाल्छ र सारा आँसु पुछिनेछ ।

प्रेरितको पुस्तक १० अध्याय नयाँ नियमको एक महत्वपूर्ण अध्याय हो । परमेश्वरद्धारा कर्नेलियसलाई तयार गर्नमा तथा पत्रुसलाई दर्शन दिनमा यहूदी र अन्यजातिहरुको बिचको बाधा टुट्यो र अनुग्रहको संन्देश अन्यजातिहरुको लागि पूर्ण रुपमा उपलब्ध भएको थियो ।

प्रेरितको पुस्तक १० अध्यायको आरम्भमा हाम्रो परिचय कैसरियामा बस्ने एक जना कप्तान कर्नेलियससँग हुन्छ, जो यहूदामा रोमी साम्राज्यको गढ वा अन्यजातिहरुको बिचमा खीष्ट प्रचार गर्ने केन्द्र थियो । कर्नेलियस यहूदीहरुको बिचमा बस्थे र जान्दथे उनीहरुको परमेश्वर नै साँचो हुनुहुन्छ । जबकि परमेश्वरले उनको ह्दयलाई अरु धेरै सच्चाई जान्नको लागि गर्नु भएको थियो । परमेश्वरको एउटा स्वर्गदूतले उनलाई दर्शन दिएर भन्नुभएको थियो, कि उनको प्रार्थना पत्रुस आएपछि सुनुवाई भईहाल्छ । र त्यही

समय परमेश्वरले त्यो कुराको बिषयमा पत्रुसलाई सिधै दर्शन र वचन दिनुभयो, जसरी पुरानो नियममा अशुद्ध सम्झिन्थ्यो (व्यवस्था ११ अध्याय) । परमेश्वरले पत्रुसलाई प्रकट गर्नुभयो कि, शुद्ध, अशुद्ध रीति रिवाज र असमानता बनाउन जरुरी छैन । अनेकौ परिस्थितिद्धारा परमेश्वरको वचन पृष्टि भयो । जब कर्नेलियसद्धारा पठाइएको मानिसहरु पत्रुसलाई आफ्नो साथ लिन पुगे । तब पनि परमेश्वरद्धारा दिइएको दर्शनलाई पत्रुसले चित्रण गरिरहेका थिए । अन्यजातिहरुसँग संगति गरेर पत्रुस आफू यहूदी भक्त हुनुको प्रतिष्ठालाई जोखिमा पारिरहेका थिए । उनले यो आज्ञाको पालन केवल यसकारण गरे, किनकि उनी जान्दथे यो आदेश परमेश्वरको हो । उनी आफूसँग अरु ६ जना यहूदी विश्वासीलाई लिएर गए । (प्रेरित १२:२३, ११:१२) येशूको जीवन, मृत्यु र पुनरुत्थान र उहाँको क्षमाको बारेमा स्पष्ट प्रचार गरेपछि जसकोद्धारा मानव जातिले उद्धार पाउँछन् । पवित्र आत्मा कर्नेलियसमा आउनुभयो र जुन प्रकारले यहूदीहरुले पवित्र आत्मा र सत्यलाई प्राप्त गरेका थिए, उनको घरानले पनि प्राप्त गरे ।

परमेश्वरले एउटा नयाँ काम गर्दै हुनुहुन्थ्यो । जसको धेरै आलोचना भयो, किनकि त्यो समय सम्म यदि कोहि अन्यजातिबाट परमेश्वरको सन्तान कहलाइथ्यो भने उसले खतना गरेर यहूदी बन्नु जरुरी थियो (प्रस्थान १२:४३-४८) । पत्रुसले छिटो नै बितेको घटनालाई मानिसहरु सँग जोडे र यहूदी मानिसहरुले चिने कि, यो विचित्र तरिकाद्धारा अन्यजातिहरुको बिचमा वचन पुऱ्याउने काम निश्चय नै परमेश्वरको तर्फबाट थियो । यसकारण गैर यहूदीहरुमा प्रचार गर्नको लागि निर्णयलाई मण्डलीबाट सहमति मिल्यो ( प्रेरितको पुस्तक १०:४४-४६, ११:१-३, १८) ।

प्रेरितको पुस्तक ११ अध्यायको अन्तमा हामी पढ्छौ कि, गैर-मसिह मानिसहरु विश्वासीहरुलाई सर्वप्रथम 'मसिह' को नामबाट सम्बोधित गर्न लागे, जसको अर्थ थियो "मसिहसँग जोडिएको मानिस" ।

**❖ मसिहको देहमा श्रेणीहरुलाई अलग गरिएको छ ।**

# पाठ ७ : अध्याय १२

**मुख्य वाक्य :** हेरोदले सतावट सुरु गरिदिए तर सु-समाचार फैलिदै गयो ।

## पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १२:१-११ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) यो समयमा विश्वासीहरु कस्तो किसिमको यातनाहरुबाट गुज्रिरहेका थिए ?

२) याकूबलाई कसरी मारियो ? (यूहन्नाको भाई)

३) प्रेरितको पुस्तक १२:३ र यूहन्ना १२:४२-४३ पढ्नुहोस् । हेरोदले कसलाई खुशी पार्न खोजिरहेका थिए ।

## दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १२:५-१२ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) विश्वासीहरु के गर्दै थिए, जब पत्रसु जेलमा थिए ?

२) उनीहरुले प्रार्थना कसरी गरे ?

३) प्रार्थनाको शक्तिको बारेमा हामी के जान्न सक्दछौ ?

४) यो पदहरुबाट तपाई प्रार्थनाको बारेमा के सिक्न सक्नु हुन्छ ?

क) रोमी ८:२८

ख) एफिसी ६:१८

ग) कलस्सी ४:२

## तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक १२ः६-१७ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) जेलमा पत्रुस कस्तो अवस्थामा थिए ?

२) पत्रुसको जेलबाट छुट्ने कहानीलाई तपाई आफ्नो शब्दमा विस्तार वर्णन गर्नुहोस् ।

३) पत्रुसद्धारा पुनः आफ्नो मित्रसँग भेट हुनमा कुन कुरा तपाईलाई हैरान बनाउँछ ?

४) मर्कूस ९:२४ सँग तुलना गर्नुहोस् ।

५) आज केहि समय प्रार्थनामा बिताउनुहोस् ताकि परमेश्वरले तपाईको विश्वासलाई बढाउनभएको होस् ।

## चौँथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक १२ः१८-१९ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) अगिल्लो दिन के भयो ?

२) हेरोदले अग्रिपासलाई शहरमा किन छोडे ?

३) जब हामी परमेश्वरको कार्यलाई बताउन पाउँदैनौ भने, हामी कस्तो प्रकारको प्रतिक्रिया जनाउँछौ ?

## पाँचौं दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक १२ः२०-२५ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) हेरोद अग्रिपास, हेरोदको नाति हुन्, जो येशूको ठिक जन्मपछि मरेको थिए । मानिसहरु कुन कुरालई लिएर हेरोदसँग चिल्लाए ?

२) जब मानिसहरुले हेरोदको प्रशंसा गरे, तब परमेश्वरले के गर्नुभयो ?

३) हेरोदको न्यायमा तपाई कुन विशेषतालाई देख्नुहुन्छ ?

४) मण्डलीहरु किन लगातार बढ्दै रहे ?

# छैटौं दिन

## पाठ ७ : "स्थिति परिवर्तन"

**मुख्य पाठ : प्रेरितको पुस्तक १२ अध्याय ।**
**मुख्य खण्ड : प्रेरितको पुस्तक १२:१ 'ती दिनमा हेरोद राजाले मण्डलीका कति जनामाथि कठोर अत्याचार गर्न थाले ।'**
**मुख्य वाक्य : हेरोदले सतावट सुरु गरे तर सु-समाचार फैलिदै गयो ।**
**जीवनको सिद्धान्त : परमेश्वरको योजनाहरु सदैभ शैतानको युक्तिहरु भन्दा अघि नै हुन्छ ।**

**सारांश :** प्रेरितको पुस्तक १२ अध्याय यसकारण अत्याधिक महत्वपूर्ण अध्याय हो, किनकि यो मण्डलीको इतिहासको शुरुवातको समयको अन्तको बारेमा भन्दछ र अगिल्लो समयको लागि ढोका खोल्दछ । यरुशलेममा प्रारम्भ भएर, जो यहूदीहरुको शहर वा मातृ-मण्डलीको घर थियो, परिवर्तन एन्टिओखिया सम्म पुग्यो, जो गैर यहूदीहरुको शहर वा मुख्य अधिकारी स्थान थियो, जहाँबाट सम्पूर्ण संसारमा प्रभुको दासहरुलाई पठाइयो । यदि यहूदीहरुले सु-समाचारलाई आजाद प्रदान गरेको भए, जो उसलाई संसारभरि फैलाउनको लागि जरुरी थियो । त्यो दशामा यरुशलेम कहिले पनि यहूदीहरुको लागि मुख्य अधिकारको स्थान भएन, जहाँको मानिसहरु आज पनि त्यहि रितीरिवाजलाई मान्दछन् । नता केवल मुख्य शहरु बदल्यो, प्रारम्भिक मण्डलीको मुख्य नेतृत्व पनि पत्रुसबाट हटाएर प्रेरित पावल कहाँ पुग्यो, जो हमान् सेवक र गैर यहूदीहरुको लागि सु-समाचारलाई लेख्ने मानिस थिए ।

यो अध्याय एउटा दुर्घटनाबाट सुरु हुन्छ । केहि समय शान्तिपूर्ण बितेपछि, राजा हेरोदले मसिहको मण्डलीहरुलाई नोक्सान गर्ने मनसायले मण्डलीको सदस्यहरुलाई बन्दगृहमा बन्द गर्न लागे । उनी यूहन्नाको भाई याकूबलाई समात्छन् र त्यसपछि उनलाई तरवारले मारिदिन्छन्, अनि जब यहूदीहरुलाई खुशी भएको देख्छन् तब पत्रुसलाई पनि बन्दगृहमा हाल्छन् । मण्डलीहरु एक मन लगाएर लगातार प्रार्थना गर्न थाले र परमेश्वरले उनीहरुको प्रार्थना सुनिकन पत्रुसलाई छुट्टाउनको लागि एउटा स्वर्गदूतलाई पठाउनु हुन्छ । यसपछि राजा हेरोद राजकिए पोशाक धारण गरेर मानिसहरुको सामन्ने खडा हुन्छन्, जो उसलाई ईश्वरको समान आदर र महिमा प्रदान गर्दछन् । उनी मानिसहरुबाट प्रशंसा

प्राप्त गर्छन्, यसकारण परमेश्वर उनको अपराधको लागि दण्ड दिनको लागि एउटा स्वर्गदूत पठाउँनु हुन्छ । यो अनुच्छेद वास्तवमा यो भन्दछ, उनलाई किराले खाए र मरे ।

आउनुहोस्, चर्चा गर्नको लागि अध्याय १२ को रुपरेखा तयार गरौं ।

१) हेरोदद्धारा याकूबलाई मारिनु ।

२) पत्रुस बन्दगृहमा पुग्नु ।

३) पत्रुस चमत्कारी रुपले मुक्त हुनु ।

४) परमेश्वरद्धारा हेरोदलाई मृतयु दण्ड दिनु ।

५) मण्डलीहरु लगातार रुपमा बढ्दै जान्छ ।

यदि हामी यो घटनालाई नजिकबाट हेर्‍यौ र त्यसमा परमेश्वरको नियन्त्रण प्रति ध्यान लगायौ, तब चिन्तन गर्नको लागि धेरै कुरा मिल्छ । ध्यान दिनुहोस् जुन परमेश्वर पत्रुसलाई छुट्टाउनको लागि योजना बनाउनु हुन्छ, त्यही याकूबलाई नोक्सान हुनको लागि अनुमति दिनुहुन्छ र हेरोदलाई दण्ड दिनुहुन्छ । परमेश्वरले याकूब र पत्रुस प्रति आफ्नो भलाईलाई बिग्लै तरिकाद्धारा प्रकट गर्नुभयो, तर पनि हामी जान्दछौ कि, परमेश्वर सधैभरि भलो हुनुहुन्छ । यो हाम्रो भौतिक इच्छा विपरित छ, तर हामी यो पनि जान्दछौ याकूबलाई धेरै राम्रो परिणाम प्राप्त भयो ! विचार नगरिकन कि, भाईहरुले त्यो समयमा के आशा गरेका थिए, हामी जान्दछौ कि, परमेश्वर सबै कुरा जान्नु हुन्थ्यो । उहाँ शर्वशक्तिमान् हुनुहुथ्यो र प्रत्येक परिस्थितिमा उहाँको एउटा उद्देश्य थियो । परमेश्वर परिस्थितिको सृजना गर्नु हुन्छ, ताकि उहाँ आफूद्धारा उत्पन्न भलाईको अंश बन्न सकोस् । पद २४ मा हामी पढ्छौ "तर परमेश्वरको वचन बढ्दै र फैलदै गयो ।" चाहे त्यो मण्डलीमा सतावट भएको किन नहोस्, उहाँको अद्भुत ज्योतिले अन्धकारमा नियन्त्रण गर्‍यो । हामी यो सत्यतालाई भरोसा गर्न सक्छौ, यसलाई सधै आफ्नो प्राकृतिक आँखाले देख्न सकिदैन, उहाँ जयवन्त हुनुहुन्छ ।

❖ **परमेश्वरको योजनाहरु सधैँ शैतानको युक्तिहरु भन्दा अघि हुन्छ ।**

# प्रेरितको पुस्तक

## पाठ ८ : अध्याय १३ र १४

**मुख्य वाक्य :** पावल र बानाबास आफ्नो मेसिनरी यात्राको सुरुवात गर्छन्, जसले उनीहरुलाई सतावटमा बिच सामर्थ्य र धेरै आत्माहरुको उद्धार प्राप्त हुन्छ ।

## पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १३:१-१२ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) एन्टिओखियाका मण्डलीको केहि अगुवाहरुको नाम लेख्नुहोस् ।

२) जब परमेश्वर उनीहरुसँग कुरा गर्दै हुनुहुन्थ्यो, त्यो समय उनीहरु के गर्दै थिए ।

३) यात्रामा जाने तिन जना व्यक्ति को-को थिए ?

४) उनीहरुलाई पाफोसमा के दु:ख उठाउनु पर्‍यो ?

५) हाम्रो विरुद्ध भएको शक्तिको बारेमा यो घटना हामीलाई के सिकाउँछ ?

६) मसिहको संन्देलाई कसले विश्वास गर्‍यो ?

## दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १३:१३-४१ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) कुन समूह छोडेर घर फिर्ता गयो ?

२) पावल आफ्नो संन्देशमा परमेश्वरको मानिस र त्यो मानिसहरु प्रति परमेश्वरको भलाईको बारेमा के भन्छन् ?

३) उनी उनीहरुको कृतज्ञताको बारेमा के भन्छन् ?

४) उनी मसिहको तयारीको बारेमा के भन्छन् ?

५) उनको संन्देश अस्वीकार गर्ने मानिसहरुलाई पावल के चेतावनी दिन्छन् ?

६) यो संन्देशमा तपाईको लागि सबभन्दा महत्वपूर्ण के छ ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक १३:४२-५२ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) शबाथको बारेमा उनको के प्रतिक्रिया थियो ?

२) पावल र बारनाबासको विरुद्धमा को खडा भएको थियो ?

३) शहरको बाहिर फालिए पछि उनको प्रतिक्रिया कस्तो थियो ?

४) तपाई जीवनको बाधाहरु प्रति तपाई कस्तो प्रतिक्रिया व्यक्त गर्नुहुन्छ ?

## चौँथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक १४:१-७ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) आइकोनियनमा सु-समाचारको कसले सकारात्मक उत्तर दियो ?

२) कुन वचनद्धारा हामीलाई पावल र बारनाबासको प्रचारकिय सेवकाईको पत्ता लाग्छ ?

३) आइकोनियनमा पावल र सिलासको सेवकाईको कस्तो परिणाम भयो ?

४) उनलाई आइकोनियन शहर किन छोड्नुपरेको थियो ?

५) यसपछि उनीहरु कहाँ गए ?

## पाँचौं दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक १४:८-२८ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) जन्मै देखिको लङ्डोको चंगाईको कस्तो प्रतिफल/परिणाम भयो ?

२) तपाईको विचारमा सच्चा परमेश्वरको कुरा गर्ने समय पावल सृष्टि गरिएको संसारको चर्चा किन गरे ? (सँग-सँगै रोमी १:१८-३२ हेर्नुहोस्)

३) पावलको उपदेशको के परिणाम थियो ? सकारात्मक वा नकारात्मक ?

४) के तपाई बेरियाबाट आएको घनिष्ठ साथीको नाम भन्न सक्नु हुन्छ ? (प्रेरितको पुस्तक २०:४, फिलिप्पी २३:१९-२१)

५) विरोध र सतावटको बिचमा हामीलाई परमेश्वरको कार्यको बारेमा के बताउँछ ?

६) तपाईको विचारमा पावल र सिलासले विश्वासीहरुलाई कुन प्रकारले बलियो पारे ?

७) यो हप्तामा तपाई कुन व्यक्तिलाई कसरी उत्साहित गर्न सक्नु हुन्छ ?

## छैटौं दिन

**पाठ ८ : “पावलको पहिलो मेसिनरी यात्रा”**

**मुख्य पाठ : प्रेरितको पुस्तक १३ र १४ अध्याय ।**

**मुख्य खण्ड : प्रेरितको पुस्तक १३:४७ ‘पृथ्वीको पल्लो छेउसम्म मुक्ति पुऱ्याउन मैले तिमीलाई अन्यजातिहरुका निम्ति ज्योति हुन नियुक्त गरेको छु ।’**

**मुख्य वाक्य : पावल र बानाबास आफ्नो मेसिनरी यात्राको सुरुवात गर्छन्, जसले उनीहरुलाई सतावटमा बिच सामर्थ्य र धेरै आत्माहरुको उद्धार प्राप्त हुन्छ ।**

**जीवनको सिद्धान्त : परमेश्वर र उहाँको पुत्रको अस्वीकारमा अनन्त घातक परिणाम हुन्छ ।**

**सारांश :** प्रेरितको पुस्तक १२ अध्यायमा चमत्कारी ढंकबाट पत्रुस जेलबाट मुक्त भएपछि, पत्रुस दृश्यबाट गायब हुन्छन्, र पावल एउटा मेसिनरीको रुपमा हाम्रो सामुन्ने आउछन्, जुन बाँकि पुस्तकहरुमा हाम्रो आकर्षको केन्द्र बन्दछ । उनको विकासमा बारनाबासको महत्वपूर्ण योगदान छ । हामी बारनाबासलाई पहिलो पटक प्रेरितको पुस्तक ४:३६ मा देख्छौं, जहाँ बारनाबासले आफ्नो केहि सम्पत्ती बेचेर मण्डलीमा दान गर्छन् । त्यसपछि उनी पावललाई यरुशलेममा लैजानको लागि उनको सुरक्षा गर्छन्, अनि पावलको लागि निवेदन गर्छन् । त्यहि बेला अरु प्रेरितहरु पावलसँग संगति गर्न डराउँथे, बारनाबासले उनीहरुलाई सम्झाए कि, अब पावल मण्डलीको लागि खतरा छैनन् । र यसरी पावललाई भाईहरुको मण्डलीमा स्थान प्राप्त भयो । प्रेरितको पुस्तक १३ अध्यायमा बारनाबासको सहायता जरुरी थियो यसकारण उनी पावलको सेवाको लागि आफ्नो साथमा लिएर गए । उनीहरु अद्भुत परिणामको साथमा एक बर्षसम्म मिलेर सेवकाई गरे ! बारनाबास पावललाई अगुवाईको त्यो स्थान सम्म लिएर आए, जहाँ पावल आफै बारनाबास भन्दा धेरै मात्रामा प्रतिष्ठित हुदैं थिए । हुन सक्छ परमेश्वरको राज्यमा काम गर्ने केहि

मानिसहरुलाई संसारमा कोहि देख्दैन तर बारनाबास जस्तै प्रोत्साहित गर्ने धेरै जसो मानिस स्वर्गमा सम्मान मिल्नेछ ।

प्रेरितको पुस्तक १३ अध्यायमा एन्टिओखियाको मण्डलीमा भविष्यबक्ता र शिक्षकको विविधतालाई देख्दछौँ । बारनाबास साइप्रस देशको लेवी कुलको एक धार्मिक वक्ता थिए, र शाऊल एक जोशले भरिएको फरिसी र बितेको समयमा मण्डलीलाई सताउने समूहको सानो र अर्को समूहको सबभन्दा ठूलो थिए । मनोहम, चौथाई देशको राज हेरोदको दोस्रो भाई थिए । लुकियस अफ्रिकामा कुरनी र मनेन सँग थिए । यो भन्दा पनि शिमियोन जो 'काला' पनि कहलिन्थे र शायद उनी यही व्यक्ति थिए, जसले येशूको कुस बोक्नमा सहायता गरेका थिए । (लुका २३:२६) हर समयमा मानिसहरुको मनमा अनौठो वा सबभन्दा बढी देखीने लालशा हुन्छ । तर प्रभु वचनले भन्दछ, विश्वासीले भेद्भाव टाढा राखेर मसिहमा एकता बनाएर कायम राख्नु पर्छ । (कलस्सी ३:११) भन्दछ, "यहाँ ग्रीक र यहूदी, खतना र बेखतना, अशिक्षत, सभ्य, कमारा र फुक्काको भेद रहनेछैन, तर ख्रीष्ट नै सबै कुरा र सबै कुरामा हुनुहुन्छ ।"

सुरुको मण्डली ना केवल विविधता हुदाँ पनि एक थिए, जब कि उनीहरु विश्वासयोग्यता साथ आज्ञापालन गर्थे, प्रेरितको पुस्तक १३:२ मा हामीलाई भन्दछ कि, पवित्र आत्माको अगुवाईमा उपवास र प्रार्थनाको साथमा उनीहरु प्रभु येशूको अन्तिम वचन "जाऔँ र सु-समाचार प्रचार गर" लाई पूरा गर्नको लागि पावल र बारनाबासलाई अलग गरे ।

यदि तपाई कहिले अन्जान ठाउँमा बस्नु भएको छ भने, तपाई पावल र बारनाबासको परिस्थितिलाई बुझ्न सक्नुहुन्छ । धेरै जसो सेवकहरु आफ्नो शहर र आफ्नो संस्कृतिलाई छोडेर अरुको देशमा जानु हुन्छ, त्यहाँको भाषालाई लिएर निकै समस्याको सामना गर्नुपर्छ । कति पल्ट उनीहरुलाई स्वीकार गरिन्छ, तर धेरै पल्ट उनीहरुलाई स्वीकार गर्दैनन् र उनीहरुले तिनीहरुको कोधको सामना गर्नु पर्दछ । पावल र सिलासले आफ्नो पहिलो मेसिनरी यात्रामा यो सारा अनुभव प्राप्त भयो, जसको चर्चा वर्तमान समयमा गर्न सकिन्छ । उनीहरुको कहानी हामीहरुलाई उत्साहित गराउँछ, किनकि यो स्मरण दिलाउछ कि, जो उहाँको पुत्रको सु-समाचार प्रचार गर्छन् । उनीहरुको साथमा परमेश्वरको उपस्थिति र शक्ति कार्य हुन्छ ।

**पाफोस :-** (प्रेरितको पुस्तक १३:४-१४ यूहन्ना (मर्कूस) लाई साथमा लिएर, पावल र बारनाबास सालमिसको आराधनालयमा प्रचार गर्न थाले र त्यसपछि पाफोको टापुमा पुगे, जहाँ उनीहरुको भेटघाट बार-येशू नामक जादूगर सँग हुन्छ, त्यो उनीहरुबाट परमेश्वरको वचन सुन्न चाहन्थ्यो तर शाऊल (जो अब जसलाई पावल भनिन्छ, उनके रोमी नाम) त्यसलाई हर्कान लागे "तँ दियाबलसको छोरो, सारा धार्मिकताको शत्रु, सम्पूर्ण छल र दुष्टताले भरिएको ! के तँ प्रभुको सोझो मार्ग बङ्ग्याउन छोड्दैनस् ? (कृपया अगाडी ध्यान दिनुहोस्, मर्कूस पावल र बारनाबासलाई छोडेर यरुशलेम फिर्ता जान्छन् ।)

**आइकोनियन :-** (प्रेरितको पुस्तक १३:१५, १४:५) करिब ८५ माईलको यात्रा पछि उनीहरु पर्गाबाट पिसिदिया, एन्टिओखिया र दक्षिण गलालीलाई पार गर्दै जुन वास्तवमा मरुभूमि छ, आइकोनियन पुगे । आइकोनियन (वर्तमानको तर्की) बगैँचै बगैचाले घेरिएको एउटा सुन्दर शहर थियो ! उनीहरु फेरि आराधानालयमा यहूदी र अन्यजातिहरुलाई उपदेश दिन लागे । उनीहरु होसियारी साथ प्रचार गरे र परमेश्वरले उनीहरुलाई चमत्कार र अद्‌भुत कार्यद्धारा आषिश दिनुभयो । तर यहूदीहरु अन्यजाति भाईहरुको विरुद्धमा भड्काउन लागे र मानिसहरुमा भतभेद हुनुको कारण उनीहरु लुस्त्रामा गए ।

**लुस्त्रा :-** (प्रेरितको पुस्तक १४:६-२०) लुस्त्रा अन्यजातिहरुको देश थियो, जहाँ कुनै पनि आराधनालय थिएन । लङ्डो व्यक्तिको चंगाई पश्चात् मानिसहरु गल्तीले पावल र बारनाबासलाई देवता सम्झिए र उनीहरुको लागि बलिदान चढाउन चाहन्थे । तर धेरै जोड दिएर पावलले उनीहरुको आराधना स्वीकार नगरिकन सारा सृष्टि बनाउनु हुने परमेश्वरको बारेमा बताए ।

त्यसपछि एन्टिओखियाबाट केहि यहूदीहरु आएर मानिसहरुलाई पावलमाथि ढुङ्गा प्रहार गर्नको लागि भड्काए । पावललाई मरेको ठानेर शहरको बाहिर फ्याँकिदिए । जब चेलाहरु उनको नजिक आएर खडा भए, तब पावल खडा भएर फेरि शहरमा गए । अर्को दिन उनले बारनाबास सँग डर्बी जानलाई निर्यण गरे ।

**डर्बी :-** (प्रेरितको पुस्तक १४:२१) यो अनुच्छेद हामीलाई भन्दछ कि डर्बीमा एक दिन मात्र बसे तर जब उनीहरुले त्यहाँ प्रचार गरे त्यसको एकदम राम्रो परिणाम आयो, धेरै मानिसहरु चेला बने ।

**सिरियाको एन्टिओखियामा फिर्ता आउनु :-** (प्रेतिको पुस्तक १४:२-२८) खतरा र जोखिम उठाउँदा पनि उनीहरु आफ्नो घर फर्केनन् । पावल र बारनाबास एन्टिओखियामा फिर्ता हुने बेलामा आफ्नो भेडा वा नयाँ विश्वासीहरुसँग बडो प्रेमसाथ भेट गरे ! लुस्त्रा र आइकोनियनको सुरुवातमा पावलले अगुवाहरु नियुक्ति गरे र उनीहरुलाई प्रभुको हातमा सुम्पिदए । फिलिप्पी लिखित आफ्नो पत्रमा पावलले नयाँ विश्वासीहरुलाई परमेश्वर भलो गोठालोको हातमा सुम्पिदिए जो सबै परिस्थितिमा उनीहरुलाई आफ्नो ह्दयको नजिक राख्नु हुन्थ्यो । 'मलाई यो कुराको भरोसा छ, जसले तिमीहरुमा असल कामको सुरु गर्नुभएको छ, त्यहि येशू मसिहको दिन सम्म पूरा गर्नुहुनेछ ।' (फिफिप्पी १:६)

२ थेसलोनिकी २:७-८ मा हामीलाई नयाँ विश्वासीहरु प्रति उनको आमा जस्तो ह्दयलाई देख्छौ । पावल र बारनाबास लगभग २ बर्ष देखि अलग थिए । उनीहरुले परमेश्वरद्धारा दिइएको सारा कामलाई पूरा गरेका थिए । एन्टिओखियामा रहदा एक पल्ट उनीहरुले परमेश्वरको महिमित कार्यको चर्चा गरे । उनीहरुले बताए शहरमा प्रचार गर्ने समयमा कसरी परमेश्वरले महान् कार्य गर्नुभयो, र यसरी शारिरीक र आत्मिक विश्रामको आनन्द उठाए ।

**❖ परमेश्वर र उहाँको पुत्रको अस्वीकारमा अनन्त घातक परिणाम हुन्छ ।**

# प्रेरितको पुस्तक

## पाठ ९ :- अध्याय १५

**मुख्य वाक्य** : मण्डलीले बहस गर्दछ, कि के अन्यजातिहरु व्यवस्थाद्धारा कैदमा छन् तथा पावल र बारनाबास मर्कूसलाई लिएर बहस गर्छन् ।

### पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १५:१-३ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) कुन शंका वा असहमति थियो ? जुन यहूदी देशबाट आएका यहूदीबाट अन्यजातिहरु मध्यबाट विश्वास गर्ने व्यक्तिको सामु पुग्यो ?

२) के पावल र बारनाबास यहूदी देशबाट यहूदीहरुको साथमा सहमती हुनको लागि एउटै विचार थियो ?

३) पावल र बारनाबासको साथमा यरुशलेम को गएका थिए ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १५:४-११ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) पावल र बारनाबास यरुशलेममा पुगे तब उनीहरुलाई कसले स्वागत गऱ्यो ?

२) ती यहूदीहरु को थिए ? जसले विश्वासीहरुलाई खतना गर्न जोड दिए ?

३) पत्रुसले आफ्नो परमेश्वरको वचन अन्यजातिहरुको बिचमा कस्तो प्रकारले प्रस्तुत गरे ?

४) पत्रुसको अनुसार एउटा व्यक्तिले कति बेला उद्धार पायो भन्न सकिन्छ ? के यो रीतिबाट हामीले उद्धार पाएका छौं ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १५:१२-२१ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) अन्यजातिहरु विश्वास गर्ने सन्दर्भमा याकुब हामी सँग के भन्नु हुन्छ ?

२) उनको मनमा कुन भविष्यवाणी पूरा भइरहेको थियो ? (हेर्नुहोस्, आमोस ९:११-१२, यर्मिया १२:१५ र यशैया ४५:२१)

३) एउटा अगमवक्ताको रुपमा अब तपाई याकूब (येशूको भाई) को बारेमा कस्तो प्रकारको वर्णन गर्नु हुन्छ ?

४) असहमतिलाई टाढा गर्नको लागि याकूबले हामीलाई के सल्लाह दिन्छन् ?

## चौथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १५:२२-३५ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) यी पुरुषहरुको नाम लेखी सूची बनाउनुहोस् । जसलाई एन्टिओखियामा जानको लागि बोलाएका थिए ।

२) यी कस्ता पुरुष थिए ?

३) एन्टिओखियाको मण्डलीमा यो पत्रको कस्तो परिमाण हुन गयो ?

४) नयाँ विश्वासीहरु प्रति संवेदनशील रहन ती विचार प्रस्तुत गर्नुहोस् । जसको तपाई स्वयम पनि अभ्यास गर्न सक्नु हुन्छ ।

५) के तपाई यो तरिकाको नाम लेख्न सक्नुहुन्छ ? जसबाट यरुशलेममा रहने सेवकहरुले एन्टिओखियाको विश्वासी बिच सेवकाई गरे ?

## पाँचौ दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १५:३६-४० अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) पावल एकचोटी फेरि प्रचार यात्रा किन गर्न चाहन्थे ?

२) पावल र बारनाबासको बिचमा के मनमुटाव हुन गयो ?

३) कुनै पनि कारणबाट अलग वा साथिबाट अलग हुदाँ कुन-कुन नकारात्मक र सकारात्मक परिमाण हुन्छ ?

४) यसबाट तपाईको कार्य गर्ने शैलीमा कस्तो सहायता वा चुनौती मिल्छ ?

## छैठौँ दिन

**शिक्षा ९ : भाईहरुसँग यस्तो मनमुटाव भई हाल्छ ।**

**(दोस्रो प्रचार यात्रा)**

**मुख्य पाठ : प्रेरितको पुस्तक १५ अध्याय ।**

**मुख्य खण्ड : प्रेरितको पुस्तक १५:९– उहाँले तिनीहरु र हामीहरुको बिच कुनै भेदभाव राख्नुभएन, तर तिनीहरुका ह्दय विश्वासद्वारा शुद्ध पार्नुभयो ।**

**मुख्य वाक्य : मण्डलीले बहस गर्दछ, कि के अन्यजातिहरु व्यवस्थाद्धारा कैदमा छन् तथा पावल र बारनाबास मर्कूसलाई लिएर बहस गर्छन् ।**

**जीवनको सिद्धान्त : विश्वासी आफ्नो जीवन जीउने तरिका प्रर्दशन गर्दछन् कि उनीहरु परमेश्वरबाट अलग गरिएका छन् ।**

**सारांश :** कुनै व्यक्ति यहूदी देशबाट आएर यस कुरामा बहस गर्न लागे कि, अन्यजातिहरु पनि व्यवस्था पालन गर्न बाध्य छन् वा छैनन् । पावल र बारनाबासले लामो समय सम्म वाद विवाद गरे । पछि भाईहरुले निर्णय गरे । पावल र बारनाबास र कुनै अरु व्यक्ति पनि, कि हामी यरुशलेम जानै पर्छ । ताकि त्यहाँको मण्डलीले यस मुद्दालाई मिलाउन सकून ।

जब तिनीहरु यरुशलेममा पुगे, मण्डलीहरुबाट तिनीहरुको स्वागत गरियो तर कुनै फरिसीका मानिसहरु व्यवस्थाको बारेमा कुरा गर्ने मनसायले भन्न लागे कि उद्धार पाउनको लागि गैरयहूदी मानिसहरुको पनि खतना गर्न जरुरी छ र परमेश्वरबाट गरिएको कार्यको पक्षलाई लिएर पत्रुसले भने उहाँले तिनीहरु र हामीहरुका बिच कुनै भेदभाव राख्नु भएन तर तिनीहरुका ह्दय विश्वासद्वारा शुद्ध पार्नुभयो । यसकारण चेलाहरुमा काँधमा यो जुवा राखिदिएर किन परमेश्वरमको परिक्षा गर्नुहुन्छ ? यो जुन न

त हामीले बोक्न सक्यो । अनि पावल र बारनाबासले यो विषयमा कुरा गर्दै बताए कि, परमेश्वरले कस्तो प्रकारले आफ्नो आश्चर्यकामहरु गर्नुभयो । यो अन्यजातिहरु बिचमा आफ्नो अनुग्रहको दृष्टि गर्नुभयो । अनि यस पछि येशूका भाई याकूबले पनि आफ्नो पत्रमा लेखे कि, कस्तो प्रकारले परमेश्वरले ती अन्यजातिहरुको बिचमा काम गर्नको लागि चुन्नु भयो । बडो बुद्धिमानीको साथ याकूबले तिनीहरुलाई निर्देशन दिनुको साटो यो आशयबाट मण्डलीमा एउटा पत्र पठाउने प्रस्ताव राखे कि, त्यो झुठो शिक्षाहरुबाट बच्न सकून् । तपाईहरु मुर्तिहरुलाई बलि चढाएको अशुद्ध थोक रगत गला अठ्याएर मारेको पशुको मासु र व्यविचारबाट अलग रहनुहोस् ।

केहि समय पछि पावलले प्रथम यात्रामा स्थापित गरिएका मण्डलीहरु भेट गर्न भनि बारनाबासलाई साथमा लान आग्रह गरे । तर तिनीहरुका बिच ठूलो मतभेट भयो । बारनाबासले मर्कूस नाम भएका यूहन्नालाई आफ्नो साथ यात्रामा यसकारण नलैजाने इच्छा गरे । किनभने तिनी पामफिलियाबाट तिनीहरु सँग छुट्टिएर गएका थिए । (प्रेरित १३:१३) धेरै कुरा यहाँ भनिएको छैन कि, मर्कुसले आफ्नो साथीहरुको साथ किन छाडेका थिए । हुन सक्छ उनले आफ्नो घर परिवारको याद आयो होला् वा फेरि यात्राको जोखिमबाट डराउँछन् । हुन सक्छ ऊ पावलको अगुवाईलाई राम्रो भन्दैन थियो र आफ्नो नातेदार बारनाबासको अगुवाईमा चल्न चाहन्थ्यो । हुन सक्छ अन्यजातिहरु बिच अनुग्रहका सु-समाचार सुनाउन सहज महशुस गर्दैनन् । बारनाबासले विश्वास गरे कि मर्कुसलाई एउटा अवसर दिनुपर्छ । जसको कारण पावल र बारनाबासको बाटो अलग भयो । बारनाबास मर्कूसलाई लिएर र पावल सिलासलाई लिएर साथमा गईहाले । बारनाकासले एक चोटी फेरि मर्कूसलाई छत्रछाँयामा लिए । जसरी उनले पावलको साथ दिए । उसलाई पनि अवसर दिए, उसमाथि भरोसा गरे र उसलाई लिएर लडे । निश्चय नै बारनाबासको मेहनत सफल भयो । (कलस्सी ४:१०) र फिलेमोन २४ मा मर्कुसलाई पावलले मेरो सहकर्मी भनेर सम्बोधन गरे । २ तिमोथी ४:११ अनुसार त्यहि पावलको लागि सेवा हेतु धेरै लाभको थियो । तर उनले मर्कूस रचित सु-समाचार पनि लेखे । परमेश्वरलाई धन्यवाद होस्, किन कि उहाँले प्रोत्साहित गर्ने त्यो व्यक्तिद्धारा आफ्नो भलाई प्रकट गरे ।

❖ **विश्वासी आफ्नो जीवन जीउने तरिकाबाट प्रर्दशन गर्छन्, कि उनी परमेश्वरद्धारा अलग गरिएका छन् ।**

## पाठ १० :- अध्याय १६ र १७

**मुख्य वाक्य** : पावल वचनबाट यहूदीहरुसँग र प्रकृतिद्धारा यूनानीहरु सँग वादविवाद गर्छन् ।

### पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १६:१-१० सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) तिमोथिको पृष्ठभूमि बारे वर्णन गर्नुहोस् ।

२) दोस्रो पटक प्रचार यात्रामा गएका ३ जान साथीहरुको नाम लेख्नुहोस् ।

३) कुन चिजले पावललाई एसिया जानबाट रोक्यो ?

४) परमेश्वरको योजना पावलको यात्रामा कस्तो परिवर्तन थियो र उनले त्यो परिवर्तन प्रति कस्तो प्रतिक्रिया प्रकट गरे ?

५) यदि परमेश्वर तपाईको जीवनमा कुनै परिवर्तन गर्न चाहनुभयो भने के तपाई त्यो परिवर्तन स्वीकार गर्नु हुन्छ ?

६) पद १० मा शब्द हामीहरुलाई ध्यान दिनुहोस् र भन्नुहोस् कि पावलको साथ यात्रा गर्ने दोस्रो व्यक्तिको थियो ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १६:११-४१ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) नदीको किनारमा कसले पावलको प्रतिज्ञा गर्दै थियो ?

२) तपाई लिडियाको बारेमा के जान्नु भएको छ ? उनीहरुले पावलको सन्देश प्रति कस्तो प्रकारले प्रति उत्तर दिए ?

३) यी पुरुषहरु यात्रामा कस्तो प्रकारको विरोध सहे र कसरी तिनीहरुमा विजय भए ?

४) तपाईको जीवनमा सतावट र विरोधद्धारा पाएको अनन्त आशिषलाई के तपाई सुनाउन चाहनु हन्छ ?

५) पावलले नगर छोड्नु भन्दा अघि के गरे ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १७:१-१५ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) थेसलोनिकीमा गएर पावल कहाँ गए ? त्यहाँका मानिसहरुलाई के शिक्षा दिए ?

२) विभिन्न किसिमका व्यक्तिहरुको प्रतिक्रियाको वर्णन गर्नुहोस् ।

३) कसले उनमाथि समस्या खडा गऱ्यो र किन ?

## चौथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १७:१०-१५ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) पावल र सिलासलाई राति कसले पठायो ?

२) बेरियाका मानिसहरुका लागि केहि शब्द भन्नुहोस् ।

३) झगडा खडा गर्न को आयो ?

४) बेरियामा को-को व्यक्ति बाँचे र को-को छोडेर गए ?

# पाँचौ दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १७:१६-३४ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) एथेन्समा सिलास र तिमोथीलाई पर्खदै गर्दा कुन कुरामा तिनको आत्मा व्याकुल भयो ?

२) तपाई एथेन्सको मान्छेहरु र उनको लागि पावलको विचारको बारेमा के भन्न चाहनु हुन्छ ?

३) त्यस वाक्य र वचनको बारेमा भन्नुहोस्, जसमा अन्जान परमेश्वरको बारेमा बताइएको छ ।

४) त्यस वचन र वाक्य भन्नुहोस्, जसले दर्शाउँछ कि परमेश्वर सबै थोकमा रहनु हुन्न तर उहाँले सबै थोक बनाउनुभयो ।

५) त्यस वचन र वाक्य भन्नुहोस्, जसले दर्शाउँछ कि परमेश्वर सृष्टिबाट टाढा होईन तर हरेक व्यक्तिसँग हुनुहुन्छ ।

६) त्यस वचन र वाक्य भन्नुहोस्, जसले दर्शाउँछ कि परमेश्वर सारा सृष्टिमा नियन्त्रण गर्नुहुन्छ ।

७) त्यस वचन र वाक्य भन्नुहोस्, जसले दर्शाउँछ कि परमेश्वर सारा भौगोलिक परिस्थिति र ऐतिहासिक घटनाको मूलधार हो ।

८) त्यस वचन र वाक्य भन्नुहोस्, जसले दर्शाउँछ कि मुर्ति र फोटोलाई दण्डवत् गर्दा कहिल्यै पनि परमेश्वरको आराधाना गर्न सकिदैन ।

९) त्यस वचन र वाक्य भन्नुहोस्, जसले पापीलाई पश्चाताप गर्नलाई आज्ञा दिन्छ ।

१०) त्यस वचन र वाक्य भन्नुहोस्, जसले दर्शाउँछ कि परमेश्वर संसारको न्याय गर्नुहुन्छ ।

११) उपरोक्त उत्तरहरुमा कुन चाँही तपाइलाई सबै भन्दा धेरै राम्रो लाग्यो ?

# छैठौं दिन

**शिक्षा १० : सबै कुरा सबै पुरुषहरुको लागि**

**(दोस्रो प्रचार यात्रा क्रमश)**

**मुख्य पाठ : प्रेरितको पुस्तक १६ र १७ अध्याय ।**

**मुख्य खण्ड : १ कोरिन्थी ९:२२–२३ म सबै मानिसहरुको लागि सबै थोक बने ताकी कुनै न कुनै रितीले बनाउन सकु । म यो सबै थोक सु-समाचारको लागि गर्दै छु। ताकी अरुको साथ उसको सहभागी हुन सकुँ ।**

**मुख्य वाक्य : पावल वचनबाट यहूदीहरुसँग र प्रकृतिद्धारा यूनानीहरु सँग वादविवाद गर्छन् ।**

**जीवनको सिद्धान्त : स्तुति गरेर दृढ्ताको आत्मा प्राप्त हुन्छ ।**

**सारांश :** प्रेरितको पुस्तक १६:१-३ अनुसार पावलको समयमा लुस्त्रामा एउटा राम्रो कुरा उत्पन्न भयो । त्यहाँ पावलको तिमोथीसँग भेट हुनु थियो । जो एउटा यूनानी परिवारबाट थियो । त्यहाँ त्यही नगरमा सुनाम व्यक्ति थियो । तिनको हजुरआमा लुईस आफ्नो विश्वासको लागि प्रख्यात थिईन् । र तिनको त्यही विश्वास तिनको नाती अथवा तिमोथी कहाँ पुराईयो । यहाँ हामी सबैको लागि कति उत्साहको कुरा हो कि, एउटा बुढो व्यक्ति प्रभावशाली तरिकाले जवानहरुको जीवनलाई परिवर्तन गर्न सक्छ । के तपाईसँग यस्तो व्यक्ति हुनुहुन्छ ? जसलाई तपाई परमेश्वरको राज्यको लागि परिवर्तन गर्दै हुनुहुन्छ ।

तिमोथी पावलसँग जानको लागि तयार थिए, तिनको खतना गरियो । (तिनको बुवा ग्रीक हुदाँ पनि) र पावलको सँग सँगै तिनले पनि यरुशलेमको मण्डलीहरुले बनाएको नियम उनीहरुले पनि पालन गरे । तिनीहरुलाई पवित्र आत्माबाट एसियामा वचन प्रचार गर्न जान दिनु भएन । त्यसकारण तिनीहरु त्रोआसमा गए । त्यहाँ पावललाई दर्शन पाएर माकेडोनिया जानको लागि वोलावट भयो र तिनीहरु तुरुन्तै डुङ्गामा चढेर माकेडोनिया गए ।

तिनीहरु सामोथ्रा तिर गए भोलीपल्ट निपापोलीस हुदैं फिलीप्पीमा पुगे र त्यहाँ केही समय बसे । जस्तो तिनीहरुको नियम थियो, तिनीहरुले त्यहाँ प्रार्थना गर्ने ठाउँ खोजिरहेका थिए । ताकि त्यहाँ गएर प्रभु येशूको सु-समाचर सुनाउन सकौं । शहरको

भित्र कहि पनि प्रार्थना गर्ने ठाउँ नपाएकोले शहरको बाहिर निस्केर गए र तिनीहरु नदीको किनारमा केही स्त्रीहरुले प्रार्थना गरिरहेको भेट्टाए । त्यहाँ तिनले लिडिया सँग बातचित गरे, जो बैनजी बस्त्रको व्यापार गर्ने स्त्री थिईन । परमेश्वरले पावलले बोलेका कुरा उद्धारको सुसमाचार ध्यान सँग सुनुन् भनेर ति स्त्रीहरुको ह्दय खोलीदिनुभयो । (पद १६) प्रेरितको पुस्तक १६:१४ मा लेखिएको छ । लिडिया नाँउकी एउटी ईश्वरभक्त स्त्रीले सुन्दै थिईन् । प्रभुले त्यसको ह्दय खोलिदिनुभयो । ताकी पावलले बोलेका कुरामा ध्यान दिओस् । त्यस प्रकारले दमस्कसको बाटोबाट पावलको मन परिवर्तन भएको थियो । ठिक त्यही प्रकारले लिडियाको जीवनबाट फिलिप्पीमा मण्डली सुरु गर्न र सम्पूर्ण यूरोपमा सु-समाचार सुनाउनको लागि प्रयोग गर्नुभयो । के तपाई पनि लिडिया जस्तै सत्यको खोजीमा हुनुहुन्छ ?
प्रार्थना गर्न जाने बेलामा तिनको भेट एउटी जोखना हेर्ने आत्मा भएकी कुमारी केटीसँग भयो जसले जोखना हेरेर मालिकहरुका निम्ति थोरै कमाई गरिदिन्थी । त्यो आत्मा पावललाई देखेर धेरै चोटि यसो भन्दै चिच्याई यी मानिसहरु सर्वोच्च परमेश्रका सेवकहरु हुन् । यिनीहरुले तिमीहरुलाई मुक्तिको बाटोको घोषणा गर्छन् । जस्तो येशूले गर्नु हुन्थ्यो । तब पावलले झिँजो मानेर फनक्क फर्केर त्यस दुष्ट आत्मालाई भने येशू ख्रीष्टको नाममा म तँलाई त्यस केटीको शरीरबाट निस्कने आज्ञा गर्दछु । हामी कुनै पनि सेवकाई सुरु गर्नु भन्दा पहिला चेतवानी दिने गर्छन् अथवा हामीलाई याद दिलाउने गर्छन् कि शैतान चलाख र हामी भन्दा शक्तिशाली छ र सधैं हामीहरुको विरुद्ध काम गर्ने गर्छ । परमेश्वरले धाँमी झाँक्री अथवा जादुगरकोमा नजानु भन्नु भयो । जस्तै कि हामीलाई लेवी २०:२७ ले भन्दछ कि जादुगर वा धाँमी झाँक्रीकोमा जानु राम्रो होईन त्यसले तिमीहरुलाई नोक्सान पुऱ्याउँछ । र त्यसबाट नोक्सानको बारेमा भन्दछ । त्यो यो आज्ञालाई उलङ्घन गर्दा हुन्छ, अध्याँरोले हामीलाई अध्याँरोको बारेमा भन्छ । जो ति मानिस आउनुपर्छ । जसले जानीबुझी परमेश्वरको आज्ञाको अवहेलना गर्छ र धाँमी झाँक्री जादुगरको पछि हिड्छ ।

जोखना हेर्ने कुमारी केटीको शरीरबाट त्यो आत्मा निस्केर गएपछि त्यसको मालिकको निम्ति पैसा कमाउन नसक्ने भएपछि पावल र उसको साथीहरुलाई पक्रेर हाकीमहरुको अगाडी ल्याएर तिनीहरुलाई दोष लगाउन थाले कि, यी मानिसहरु हाम्रो शहरमा गडबडी गराई रहेछन् । जो व्यवस्थाको विरोध हो । अनी भिडले तिनीहरुको विरोध नारा लगाउन

लागे र तिनीहरुलाई पिटे र झ्यालखानामा हालिखिए । पावल र सिलास झ्यालखानामा मध्ये राती परमेश्वरको आराधाना स्तुती गर्न लागे र अचानक भुईचालो आयो र झ्यालखानाको जग समेत हल्लायो र त्यहाँको सबै ढोका खुले र साथै तिनीहअरुको साङ्लाहरु पनी खुले । जेल अधिकारीले यो सोच्यो कि सम्मै कैदीहरु भागे भनेर आफ्नो तलवार निकालेर आफैलाई मार्न तयार भए । तर पावल चिच्याएर आफैलाई घात नगर्नुहोस् हामी सबै जना यही छौँ भने । जेल अधिकारी आफैँलाई मार्न देखि रोकिए । जेल अधिकारी पावल र सिलासको पाउँ परेर र भन्न लागे उद्वार पाउनलाई मैले के गर्नुपर्छ ? अनी त्यही रात पावल र सिलासलाई जेल अधिकारीले आफ्नो घरमा लगे र तिनीहरुको घाउ धोइदिए र तिनीहरुलाई भोजन दिए र जेल अधिकारीले आफ्नो परिवार सहित राति नै बप्तिस्मा लिए र उद्वार पाए । अर्को दिन जेल अधिकारीलाई यो आदेश आयो कि पावल र सिलासलाई छोडिदिनु भनेर शहरका हामीहरुले सिपाहीहरुलाई आदेश दिई पठाए । तर पावलले त्यहाँ बाट जान मानेनन् । किनभने पावलले तिनीहरुलाई भने हामी रोमी नागरिकलाई दोषी नै नठहराईकन उनीहरुले मानिसहरुमा सामुन्ने पिटे र झ्यालखानामा पनि हाले र अब हामीलाई गुप्तमा निकाल्न खोज्छन् । यो हुन सक्दैन उनीहरु आफै आउन र हामीहरुलाई निकालेर लैजाउन र हामी सँग क्षमा माग्नु पर्छ भनेको कुरा हाकिमहरुले तिनीहरु त रोमी नागरिक रहेछन् भन्ने कुराहरु सुनेर डराए । त्यस पछि हाकिमहरु त्यहाँ आए तिनीहरुसँग क्षमा मागे र तिनीहरुलाई बाहिर लगे र शहर छोडि जाने अनुरोध गरे । त्यसपछि पावल र सिलास त्यहाँबाट निस्केर लिडियाको घरमा गए र भाईहरुसँग भेटघाट गरेपछि तिनीहरु प्रोत्साहन दिई बिदा भए ।

जब तिनीहरु थेसलोनिकीमा थिए तब तिनी प्रार्थना घरमा गएर त्यहाँको मानिहरुलाई वचन अनुसार प्रश्न गर्नुभयो । यानिकी धेरै मानिसले पावलको कुरा बुझ्थे तर केही यहूदीहरु क्रोधित भएर धेरै मानिसलाई पावलको विरुद्ध भड्काउन सुरु गरे । जसको कारण तिनी थेसलोनिकी छोडेर बेरियामा जानुभयो । त्यहाँ पनि प्रार्थना घरमा गएर तिनीहरुले यहूदीहरुसँग वादविवाद गर्न सुरु गरे । बेरियाको मानिसहरुले पावलद्वारा वचन सुने र जाँचे । तिनले भनेको वचन सहि छ कि छैन भनेर । एक चोटी फेरि थेसलोनिकीको यहूदीले सुने कि पावल बेरियामा सेवकाई गर्दैछन् । तब उनीहरु त्यहाँ आएर त्यहाँको मानिसहरुलाई भड्काउन लागे ।

त्यहाँबाट जाने बित्तिकै पावल एथेन्समा पुगे जहाँ अन्यजातिहरुसँग कुरा गरे । उनीहरु अलिकति पनि येशूको वचन सुनेका थिएनन् । त्यहाँ उनीहरुको बिचमा उभिए र परमेश्वरले बनाउनु भएको सृष्टिको आधार बनाएर परमेश्वरको ज्ञानको प्रचार गर्न लागे । रोमी १:१९-२१ ले भन्दछ यसकारण परमेश्वरको बिषयको ज्ञान तिनीहरुको ह्यमा लेखिदिनु भएको छ । किनकि परमेश्वरले तिनीहरु प्रति लेखिदिनु भएको छ । उहाँको अदृश्य गुण अर्थात उहाँको आदि र अन्त्य र परमेश्वरत्व संसारको सृष्टि कै समयबाट उहाँको काम कै द्धारा देखिन आउँछ । यहाँ सम्म कि उहाँको कार्यको वर्णन गर्न सकिदैन । यसकारण परमेश्वरको बारेमा जानेर बुझेर पनि उनीहरुले परमेश्वरलाई महिमा धन्यवाद नदिएर व्यर्थको विचार गर्न लागे । यहाँ सम्म कि उनीहरुको निबुद्धि मन अध्याँरो भयो । धेरै मानिहरुले पावलको कुरामा विश्वास गरे । तिनको साथमा कोरिन्थीको यात्रामा सहभागी भए ।

अध्याय १६-१७ मा हामी पावलबाट सिकेका छौ, कुन तरिकाबाट फरक किसिमका मानिससँग फरक परिस्थितिहरुमा सामिल हुन भयो । तिनले यहूदीबाट आउने जर्बरजस्ती विश्वास हटाउनको लागि तिमोथीको खतना गर्नुभयो । जबकि अध्याय १५ मा उनीहरुले खतनाको विरोध गरेका छन् । यो बाहेक हामी देख्दछौ कि, जब तिनी अलग-अलग किसिमका मानिसहरुको बिचमा प्रस्तुत हुन्छन् तब तिनको कुरा गर्ने शैलीमा परिवर्तन हुन्छ । जती बेला पनि उनी यहूदीसँग कुरा गर्नु पर्‍यो भने प्रार्थाना गर्ने भवनमा गएर इतिहासको कुरा लिएर तिनीहरुलाई प्रश्न उत्तर गर्न थाल्नु भयो । तर जब तिनी अन्यजातिहरु सँग कुरा गर्नु हुन्छ तब प्रकृतिमा आउने प्रमाण र कारणलाई लिएर बोल्नु हुन्छ । पावल सधै जान्नु हुन्थ्यो कि परमेश्वरको आत्मा तिनी जानु भन्दा पहिला मानिसहरुको ह्दयलाई परिवर्तन गर्नुहुन्छ । तिनलाई उत्साहित गर्नको लागि उपस्थित हुन्छन् र त्यहि आत्मा तिनी ढाड्स र उनी मानिसहरुको मनको कुरालाई तिनीलाई प्रकट गर्नेछन् जसलाई उनीहरुले जान्दैनन् ।

❖ **स्तुति गर्नाले धैर्यको आत्मा प्राप्त हुन्छ ।**

# प्रेरितको पुस्तक

---

## पाठ ११ :- अध्याय १८ र १९

**मुख्य वाक्य** : पावल अरुसँग मिलेर अचम्मको चंगाई गर्दै दुष्ट आत्मालाई निकाल्दै एसियामा प्रचार गर्छन् ।

### पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १८:१-२३ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पावल र अलिकास वा प्रिस्किलामा के समान्ता थियो ?

२) परमेश्वरले पावललाई के आदेश र आज्ञा प्रदान गर्नुभयो ?

३) पावल कोरिन्थीमा कति समय रोकिनु भयो ?

४) के परमेश्वरले तपाईलाई पनि कहिल्यै त्यसरी उत्साहित गर्नुभएको थियो ? जुन प्रकारले उहाँले कुरिन्थीमा पावललाई गर्नुभएको थियो ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १८:२४-२८ र १९:१-७ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) एफिससमा कसको बारेमा र के सिकाउनु भएको थियो ?

२) यस्तो कुन कुरा पावलले उनलाई सिकाए, जो उनीहरुको लागि धेरै फरक र नयाँ थियो ?

३) उनले येशूलाई प्रभु र उद्धारकर्ता मानेर स्वीकार गरिसके पछि यो साबित गर्नको लागि उनीहरुले के गरे ?

४) पेन्तिकोसको विश्वासीहरुको जस्तै त्यो मानिसहरुको निर्णयलाई पुष्टि गर्नलाई परमेश्वरले के गर्नुभयो ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १९:८-१२ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) प्रार्थना भवनमा बस्ने यहूदीहरुले पावलको शिक्षालाई कस्तो प्रतिक्रिया जनाए ?

२) २ वर्षको समय अन्तरमा कुन मानिसहरुले प्रभुको वचन लाई सुने ?

३) पावलको हातबाट गरिएको अदभुत कार्य के थियो ?

## चौथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १९:१३-२२ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) येशूको नाउँमा पाउने अधिकारको बिना दुष्ट आत्मासँग सामना गर्ने बारेमा हामी यहाँ के सिक्न सक्छौं ?

२) व्यवस्था १८:९-१४ मा पाउने जति जादु जोखनालाई एउटा सूची तयार गर्नुहोस्।

३) यसबाट कुन कुरालाई तपाईको समाजमा देख्नु हुन्छ ?

४) एफिससको मानिसहरुले आफुले आफैलाई टोनाबाट शुद्ध गर्नको लागि के गरे ?

५) पावलले प्रचार गर्न र शिक्षा दिने बेला एसियामा कति समय बिताए ?

## पाँचौ दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय १९:२३-४१ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) कुन कुराले डेमेत्रियसलाई विरोध गर्नको लागि उस्कायो ?

२) उसले समर्थन पाउनको लागि के गऱ्यो ? उसको परिणाम के भयो ?

३) कसले पावललाई मानिसहरुको बिषयमा जानबाट रोक्यो ?

४) भिडलाई शान्त गर्नको लागि नगरको हाकिमले के गरे ?

५) यस्तो परिस्थितिमा पावलको जीवन र तिनको सेवकाईलाई बचाउनलाई परमेश्वरले कसलाई प्रयोग गर्नुभयो ?

## छैठौं दिन

**शिक्षा ११ : कटनी गर्नलाई अरु खेतालाहरु जुटे ।**

**(दोस्रो प्रचार यात्राको अन्त र तेस्रो प्रचारको यात्रा सुरु)**

**मुख्य पाठ : प्रेरितको पुस्तक १८ र १९ अध्याय ।**

**मुख्य खण्ड : रोमीको पुस्तक १:१६ किनकि म सु-समाचार देखि लजाउदैन, यसकारण विश्वास गर्ने प्रत्येकका मुक्तिको यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका निम्ति पनि ।**

**मुख्य वाक्य : पावल अरुसँग मिलेर अचम्मको चंगाई गर्दै दुष्ट आत्मालाई निकाल्दै एसियामा प्रचार गर्छन् ।**

**जीवनको सिद्धान्त : विश्वासीहरुमा बस्ने पवित्र आत्मा विश्वासीहरुले सामर्थ प्रदान गर्छन्, कि उनीहरु आफ्नो अधिकारको प्रयोग गर्न सकोस् ।**

**सारांश :** पावल लगातार आफ्नो यात्रालाई कोरिन्थीमा नै कायम राख्दछन्, जो ग्रिकको सबैभन्दा महत्वपूर्ण शहर हो । कोरिन्थी धेरै जसो व्यापार, मुर्तिपूजा र अनेकौ धर्मको केन्द्र थियो । यस्तो हुदाँ पनि पावललाई छिटो नै मसिहलाई विश्वास गर्ने दुई जना मित्र अर्थात अकिलास र प्रिस्किला प्राप्त भयो । सुरुमा पावल त्यो दम्पत्ति सँग रहे र उनीहरु मिलेर पाल बनाउने काम गर्न थाले । तर जब सिलास र तिमोथी फिलिप्पीबाट उनी कहाँ आए , अनि आँफु सँगै त्यहाँको मण्डलीको तर्फबाट केही उपहार र भेटी लिएर आए, जसको कारण पावल पूर्ण समयको लागि सु-समाचार फैलाउनको लागि स्वतन्त्र भए । (२ कोरिन्थी ११:८-९ र फिलिप्पी ४:१५) कोरिन्थीमा समय बिताउदै गर्दा उनले थिसलोनिकीको मण्डलीलाई दुई ओटा पत्र लेखे, आराधनामय अगुवाको प्रभुमा अगुवाई

गरे, र परमेश्वरको वचन सुनाए । पछिबाट कोरिन्थीमा स्थापित गरेको मण्डलीलाई पनि दुई ओटा पत्र लेखे ।

कोरिन्थीमा आफ्नो सेवकाईको अन्तमा पुग्दा कतिपय यहूदी पावलको विरुद्धमा खडा भए र उनलाई गलियोनको सामुन्ने न्याय गर्नको लागि लगे, जो अखैयाको हाकिम थिए । उनले यो आरोप लगाउन लागे कि, “यस मानिसले व्यवस्थाको विरुद्ध परमेश्वरको आराधाना गर्न मानिसहरुलाई सिकाइरहेछ ।” (प्रेरितको पुस्तक १८:१३) गलियोनले उनीलाई लगाइएको आरोपलाई तुरुन्तै नमानीकन भने कि, यदि यो अन्याय वा दुष्टताको कुरा हो भने, यो उचित थियो कि, म तिमीहरुको कुरा सुन्थे र उनले आफ्नो जिम्मेवारीमा स्वयम सम्हालनको लागि सल्लाह दिए । तब सबै मानिसहरु सभाघरको मुख्य मानिसको सामुन्य न्याय आसनको अघि पिटे । तर गलियोनले यो कुराको केहि वास्ता गरेनन् । त्यस पश्चात् पावल कोरिन्थी छोडेर अकिलास र प्रिस्किला सँग सिरिया अनि त्यसपछि किंक्रियामा गए । त्यहाँ उनले कपाल कटाए, किनकि उनले यस्तै नै भाकल गरेका थिए । त्यस पछि उनी अकिलास र प्रिस्किलालाई छोडेर अगाडी कैसरिया, अंन्टाटिका गलातिया र फ्रिगिया तिर लागे । यसै बिच एफिससमा अपोल्लोस नामक एक भक्त व्यक्ति येशूको शिक्षा प्रचार गर्न लागे । हाल त्यो समय सम्म केवल यूहन्ना बप्तिस्मा दिनेवालाको बारेमा थाहा थियो । तर अकिलास र प्रिस्किलाले उनलाई अलगै बोलाएर परमेश्वरको मार्ग अरु पनि ठिक ठिक बताए । उनको द्वारा अखैयामा सेवा गर्नको लागि तयार भए । वचन यस प्रकार भन्दछ, किनकि तिनले धर्मशास्त्रका वचनद्वारा येशू नै ख्रीष्ट हुनुहुन्छ भन्ने कुरा देखाईकन यहूदीहरुलाई सबैका सामुन्ने बिलकुल निरुत्तर तुल्याए । (प्रेरितको पुस्तक १८:२८)

जब अपोल्लोस कोरिन्थीमा थिए, त्यहि समय पावल फेरि एफिससमा फिर्ता आए र करिब २ वा ३ बर्ष त्यहाँ बसे । उनको भेटघाट त्यहाँ केहि चेलाहरु सँग भयो, उनले सोधे के तिमीहरु पवित्र आत्माका बप्तिस्मा पाएका छौं ? तर उनीहरुलाई त्यसको बारेमा केहि जानकारी थिएन । उनीहरु यूहन्नाको बप्तिस्मा दिनेवालाको बप्तिस्मा लिएका थिए । अनि पावलले भने यूहन्नाको बप्तिस्मा मन परिवर्तनको बप्तिस्मा थियो । पावलको यो कुरा सुनेपछि पवित्र आत्माको बप्तिस्मा पाउनको लागि आग्रह गरे र बप्तिस्मा लिए अनि पवित्र आत्माको दान पाए र अन्यभाषाहरुमा बोल्न लागे । पावल नगरमा बस्दा दुई बर्ष सम्म प्रचार गरे, शिक्षा दिए र चेला बनाई रहे ।

पावल अब  माकेडोनिया, यरुशलेम र रोममा जान चाहन्थे तर यात्रालाई लिएर यो समय हलचल खडा भयो । डेमेत्रियस नाम भएका व्यक्ति जो पेशामा सुनार थिए, आफ्नो मूर्ति बनाउने व्यवसाय घाटामा भएकाले धेरै मानिसहरुलाई पावलको विरुद्धमा भड्काउन लागे । उनी मानिसहरुको देश भक्ति भावनालाई यस्तो भन्दै भड्काउन लागे, यदि मसिह मानिसहरु यसरी प्रचार गर्ने हो भने देवी आर्तेमिस र उसको मन्दिरको अस्तित्व मेटिहाल्छ । उनको बहकाउमा लागेर धेरै मानिसहरु रंगशालामा दौडेर गए । कसैले केही कसैले अरु चिच्याउथे, कसै-कसैलाई त यो पनि थाहा थिएन कि यो के हुदैछ । पावल रंगशालामा गएर मानिसहरुलाई सम्बोधन गर्न चाहन्थे । (तर पवित्र आत्माको अगुवाईमा रहेर) चेलाहरुले त्यहाँ जान दिएनन् । नगरको मन्त्रीले खडा भएर मानिसहरुलाई चुप लगाए र धैर्य र विवेकले काम गर्न आग्रह गरे । उनले बडो बुद्धिमानी साथ मानिसहरुलाई सम्झाए कि, हामी बिना व्यवस्था वा कानून नतोडेर पनि यो मुद्दालाई समाधान गर्न सक्छौ । र अन्तमा उनले तिनलाई व्यवस्ता भंग गरेको दण्ड पनि दिए र उनलाई चेतवानी दिए कि, यो तरिकाले झगडा पनि हुन सक्छ । यो लगतै उनले यो सभालाई भंग गरे । यो प्रकारले परमेश्वरले चेलाहरुको सर्तकता र मन्त्रीको बुद्धिमानीको प्रयोग गरेर पावलको प्राणलाई बचाए, ताकि उनी आफ्नो सेवकाई अगाडी पनि गर्न सकून ।

- **विश्वासीहरुमा रहेको पवित्र आत्माले उनीहरुलाई आफ्नो अधिकार प्रयोग गर्नको लागि सामर्थ्य प्रदान गर्दछ ।**

# प्रेरितको पुस्तक

## पाठ १२ :- अध्याय २०

**मुख्य वाक्य** : पावल एफिससको मण्डलीलाई आशिषित् गर्छन् र स्वयमलाई त्यस कुराको निम्ति तयार गर्छन्, जुन यरुशलेममा उनमाथि आईपर्ने थियो ।

### पहिलो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २०:१-६ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पावलले ग्रिसमा कति दिन बिताए ?

२) के तपाईसँग परमेश्ररवरको भय मान्ने व्यक्तिहरु छन् ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २०:७-१२ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पावल त्रोआसमा हुदाँ अन्तिम रातमा कस्तो अचम्मको काम भयो ?

२) त्यस स्थानमा पावलको सेवकाई बारे तपाईले आफ्नै शब्दमा कसरी बयान गर्नुहुन्छ ?

३) पावलको जीवनद्धारा हामीलाई अरुको बारेमा कस्तो सोच्ने शिक्षा मिल्दछ ?

### तेस्रो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २०:१३-२४ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पावल यरुशलेममा कहिले जान चाहन्थे ?

२) कुन कुराले गर्दा पावललाई एफिससमा सेवा गर्न (गाह्रो) कठिनाई भयो ?

३) पावलसँग एसियामा यहूदी र अन्यजातिहरुको लागि कस्तो संन्देश थियो ?

४) यरुशलेममा उसमाथि कस्तो घटना घट्दै छ भन्ने कुरा जानेर पावललाई कस्तो (महशुस) अनुभव भईरहेको थियो ?

## चौथो दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २०:२५-३४ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) पावलले आफ्नो बोलावटलाई पूरा गर्ने बिषयमा कस्तो मसशुस (अनुभव) गर्दछ ?

२) यरुशलेममा जानु भन्दा पहिले पावलले पुरनियाँलाई के प्रोत्साहन र चेतवानी दिएर जानु हुन्छ ?

३) जसरी पावलले आफ्नो जीवनको उद्देश्यको बारेमा बताउँदा त्यसरी नै तपाईको जीवन वा सेवकाईको उद्देश्य हो ?

## पाँचौ दिन

**पढ्नुहोस् : प्रेरितको पुस्तक अध्याय २०:३५-३८ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) पावलले परमेश्वरको कुन वचन बाँड्छन् ?

२) पावललाई बिदाई गर्ने समयमा पावल र एफिससको मानिसहरुले एक अर्कामा कस्तो व्यवहार गरे ? (३६-३८)

३) तपाईको विचारमा यो एउटा अति नै भावनात्मक बिदाई किन थियो ?

४) तपाईको जीवनको कुन कुरालाई तपाई बदल्न चाहनु हुन्छ, ताकि तपाई पावल जस्तै बन्न सक्नु हुन्छ, किनकि उनी स्वयम येशूको समान देखिन्थे ।

# छैठौँ दिन

**शिक्षा १२ : एफिससको मण्डलीबाट पावलको बिदाई ।**

| | |
|---|---|
| **मुख्य पाठ :** | **प्रेरितको पुस्तक २० अध्याय ।** |
| **मुख्य खण्ड :** | **प्रेरितको पुस्तक २०:२४ तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठाँ न्दिन । यति मात्र चाहन्छु कि, परमेश्वरको अनुग्रहको सु-समाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाई म पूरा गर्न सकूँ ।** |
| **मुख्य वाक्य :** | **पावल एफिससको मण्डलीलाई आशिषित् गर्छन् र स्वयमलाई त्यस कुराको निम्ति तयार गर्छन्, जुन यरुशलेममा उनमाथि आईपर्ने थियो ।** |
| **जीवनको सिद्धान्त :** | **यस्तो आदेश बनोस्, जो अरुलाई पनि विश्वास योग्य अनुयायी बन्न प्रेरणा मिलोस् ।** |

**सारांश :** होहल्ला सकिएपछि एफिससमा पावलको व्यस्त समयको अन्त हुन्छ । क्लेश र विरोध धएता पनि उनले त्यहाँ बिताएको समय अति नै आशिषत् थियो । उनले एफिससबाट बिदाई लिएर माकेडोमिया र ग्रीसको बाटो लिए । उनले अग्ला अग्ला स्थानहरुबाट भाई बहिनीहरुलाई आफ्नो साथमा लिएर आफ्नो अगाडिको यात्रा सुरु गरे । (प्रेरित २०:४) यो परमेश्वरको तरिका उहाँले देहको भित्र विभिन्न व्यक्तिहरुलाई एकत्रित गर्नुहुन्छ । विभिन्न विभिन्न तर मानार्थ वा एक अर्काप्रति पूर्ण वरदान हुन सक्छ । एउटा शरिरको रुपमा कार्य गर्न गाह्रो होला । जसको शिर येशू हो, अगाडि हामीले पढ्यो, कि कसरी मर्कूसलाई लिएर पावल र बारनाबासमा एक अर्काप्रति भतभेद भएको थियो । तर उनीहरुको एकअर्का प्रतिको सम्बन्धको कारण जो परिणाम हामीलाई प्राप्त भयो । त्यो उनीहरु भतभेदकै नतिजा थियो । त्यस्तो हामीमा पनि हुनु पर्दछ । एकअर्का प्रतिको भतभेदको अपेक्षा जुन सुकै सम्बन्धमा आउन सकिन्छ । तर जब हामी परमेश्वरको अनुग्रहमा रहेर प्रेम र सेवा गर्ने निर्णय गर्दछौ तब त्यहाँ अवश्य फल प्राप्त हुन्छ ।

बसेर मण्डलीलाई आफ्नो जीवनका धेरै कुराहरु बताउँन गर्दथ्यो । एक दिन युटिकस तेस्रो

तल्लाबाट खसेर मरे । पावलले तल झरेर उनलाई घोप्टो परेर अंगालो हाले र भने नघबराओ केटो जीवित नै छ । साँच्चै त्यो जीवित थियो । पावलको शिक्षा र सु-समाचरको । राम्रो गवाहीको साथ साथ यो कामले मण्डलीलाई अति धेरै भयो ।

मिलेप्समा बसेर पावलले एफिससको मण्डलीलाई सन्देश पठाए र उनीहरु उहाँ भेट्नको लागि आए । यो त्यो समय थियो जब पावलले एफिससको मण्डलीमा यस कुराको घोषणा गरेको थियो । अब उनीहरुले उनलाई फेरि कहिल्यै देख्न पाउने छैन र अन्तिम बिदाई लिएरु तिनी उनीहरुको सामुन्ने शुद्ध विवेको साथ खडा भए र उनलाई निश्चय थियो कि, जे जस्तो परमेश्वरले उनलाई गर्न भनिएको थियो त्यो उनले गरे । उनले आफ्नो शब्दमा भने कि म सबैको रगत देखि निदोर्ष छु । जाँदा जाँदै उनले तिनीहरुलाई तिनीहरुको जिम्मेवारी याद गराए । र भने कि उनीहरुको मुख्य गोठालो परमेश्वर हुनुहुन्छ । उनले उनीहरुलाई पूर्ण जोशका साथमा कार्य गर्नका लागि उत्साहित गरे । र उनीहरुलाई भेडाको भेषमा लुकेका झुठा अगमवक्ताहरु देखि सावधान रहन सल्लाह दिए । आँशुको साथ परमेश्वरको भेडाको रखवाली गर्नको लागि अगुवाहरु खडा गरेर उनीहरुलाई प्रार्थना सहित परमेश्वरको हातमा सुम्पिदिए । उनले उनीहरुलाई परमेश्वरको वचनको स्मरण गराउँदै भने कि, लिनु भन्दा दिनु नै असल हो । अरुको लागि आफ्नो समय, सम्पत्ति र विश्वास योग्यता नै हो, जो आजीवन र अनन्नता सम्म याद राखिने छ ।

❖ **यस्तो आर्दश बनौं, जो अरुहरुलाई विश्वास योग्य अनुयायी बन्न प्रेरणा मिलोस् ।**

# प्रेरितको काम

---

## पाठ १३ :- अध्याय २१ र २२

**मुख्य वाक्य** : पावल यरुशलेममा गिरफ्तार हुन्छन् र भिडको अगाडी आफ्नो अनुग्रहको गवाही सुनाउँछन् ।

## पहिलो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २१:१-१४ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) पावलले (टुरोसमा) (सुर) बिताएका समयको बारेमा भन्नुहोस् । जहाँ जहाज आएर रोकिएको थियो ?

२) फिलिप्पीको बारेमा भन्नुहोस् । (प्ररित २१:८ र प्ररित ६:३-५)

३) अगाबस अगमबक्ताद्धारा पावलको बारेमा कस्तो भविष्यवाणी भएको थियो ?

४) पावलले त्यो भविष्यवाणी प्रति कस्तो प्रतिक्रिया व्यक्त गरे ? र उनको चेलाहरुले कस्तो प्रतिक्रिया जनाए ?

५) पद १३ मा पावलको विचार र लुका १४:२५-३३ मा येशूको स्वभावबाट के सिक्नुभयो ?

## दोस्रो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २१:१५-२६ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) प्रेरितको पुस्तक १८:२३ को आधारमा पावलको तेस्रो यात्राको नक्सा बनाउनुहोस् ।

२) कुन चरित्रको बिशेषताले पावललाई एक असल अगुवा बनाउछ ?

३) पावल र बाँकी चेलाहरुलाई यरुशलेममा कस्तो प्रकारले स्वागत गरियो ?

४) यरुशलेममा यहूदी विश्वासिहरुको लागि रिस गर्ने शास्त्रीहरुले पावललाई के गर्न भने?

५) तपाईको विचारमा पावलले किन यस्तो भाकल गरे ?(१ कोरिन्थी ९:२२ पढ्नुहोस्)

## तेस्रो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २१:२७-४० अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पालवलाई के कारणले गिरफ्तार गरिएको थियो ?

२) तपाईले भिडलाई प्रभाभित पार्न कस्तो शब्द प्रयोग गर्नु हुन्छ ?

३) तपाईको विचारमा पावलले भिडसँग किन कुरा गर्न चाहन्थे ?

## चौथो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २२:१-१६ अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पावलको मन परिवर्तन गर्ने समयमा उसलाई परमेश्वरको कुन साँचो कुरा जान्नु अति आवश्यक थियो ?

२) दमस्कसको बाटोमा पावलले येशूसँग पहिलो कुन प्रश्न सोधेका थिए ?

३) पावलले येशू सँग दोस्रो प्रश्न सोधेका थिए ?

४) १४ पद अनुसार कुन उद्देश्यको लागि परमेश्वरले पावललाई चुन्नुभयो ?

५) कुन उद्देश्यको लागि परमेश्वरले तपाईहरुलाई चुन्नु भएको होला ?

६) के तपाईलाई तपाईको विश्वासको कारण कुनै प्रकारको सतावट र समस्या भएको छ ?

# पाँचौ दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २२:१७-३० अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) गलाती १:१५-१८ अनुसार पावलको मन परिवर्तन र उनि यरुशलेम फर्किनुको बिचमा कति बर्षको फरक थियो ?

२) परमेश्वरले पावललाई मुर्छा परेको बेलामा कुन सन्देश दिनुभयो ?

३) पावललाई अन्यजातिहरुमा सु-समाचार प्रचारको लागि कसले चुन्नुभएको थियो ?

४) यहूदीहरु पावलसँग किन र कसरी रिसाएका थिए ?

५) पावल सतावतको समयमा कसरी बाँचे ?

६) के कहिल्यै तपाईलाई विश्वासमा दबावको अवस्था भएको छ ?

७) के तपाई चाहनु हुन्छ ? तपाईको साथ रहने मानिसहरु तपाईको विश्वास योग्य बनिरहुन भनि प्रार्थना गर्नु ?

८) परमेश्वरलाई आफ्नो सम्पूर्ण मनले अनुसरण गर्नुमा तपाईलाई कुन कुन बाधाहरुको सामना गर्नु पऱ्यो ?

# छैठौँ दिन

**शिक्षा १३ : पावलको गिरफ्तार हुनु र भिडबाट बाँचेर निस्कनु ।**

मुख्य पाठ : प्ररितको पुस्तक २१ र २२ अध्याय ।

मुख्य खण्ड : प्ररितका पुस्तक २२:१५– किनकि सबै मानिसहरुका सामु उहाँको निम्ति तपाईले जे देख्नु र सुन्नु भएको छ , तपाई त्यसको साक्षी हुनुहुनेछ ।

मुख्य वाक्य : पावल यरुशलेममा गिरफ्तार भएर भिडको अगाडी तिनी आफ्नो अनुग्रहको गवाही सुनाउँछन् ।

जीवनको सिद्धान्त : विरोधले हामीलाई परमेश्वरले हाम्रो जीवनमा गर्नु भएको महान कार्यको गवाही बताउने अवसर दिन्छ ।

**सारांश :** अध्याय २१ र २२ मा पावल टुरोसमा मानिससँग संगति गर्छन् । तर यो अध्यायको सुरुवात धेरै कठिनका साथ हुन्छ । तिनीहरु पवित्र आत्माको अगुवाईमा लगातार पावललाई चेतवानी दिन्छन् कि तपाई यरुशलेममा नजानुहोस् भनेर । (प्ररितको पुस्तक २१:४) अनुसार थाहा हुन्छ । कि साँच्चै नै परमेश्वरको आत्माबाट अगुवाई हो । तर यसको बाबजुत पनि पावल यरुशलेम तिर आफ्नो यात्रा शुरु गर्छन् ।

पावल कैसरियामा केहि समय विश्वासीहरु सँग बसे । अगावस नाम एक जना अगमबक्ता यहूदियाबाट आएर पवित्र आत्मो अगुवाईमा पावललाई चेतवानी दिन थाल्छन् कि तपाई यरुशलेममा यहूदिहरुको हातबाट पक्राईने छौ । र अन्यजातिहरुको हातमा सुम्पिनेछौ । एक पटक फेरि विश्वासी भाईहरुले आसुँको साथ पावललाई यरुशलेम नजानुस् भनि बिन्ती गरे । तर पावलले उनिहरुको कुरा मानेनन् । जब उनीहरुले पावल आफ्नो संकल्पबाट पछि नहट्ने देखे तब उनलाई परमेश्वरको इच्छामा छोडिदिए । जबकि बचन स्पष्ट रुपमा देखाउदछ कैसरिया र टुरोस दुई ओटा स्थानमा नै परमेश्वरको आत्माद्धारा उसलाई चेतवानी दिएको थियो । तर बचनले कहि पनि भन्दैन कि पावलले यरुशलेम गएर परमेश्वरको आत्माबाट भएको आज्ञा उलङ्घन गऱ्यो भनेर । जब कि परमेश्वरले उसलाई आउने सतावटको लागि तयार पार्दै थियो । र उनको दृढ्ताको परिक्षा गर्दै हुनुहुन्थ्यो । कुनै कुराको चिन्ता नगरी पावल यरुशलेम पुगे र परिणाम स्वरुप उनले सबै सतावट, दःखको समना गर्नु पऱ्यो ।
यरुशलेमका मनिसहरुले पाललाई बडो आन्नदको साथमा स्वागत गरे । तर फेरि उनीहरुले उनलाई एउटा विरोधीको रुपमा प्रस्तुत गरे । यस्तो थाहाँ हुन्छ कि, जब पावल अन्यजातिहरुको बिचमा अनुग्रह र स्वतन्त्रताको प्रचार गरिरहेको बेला यि कुरा यहूदिहरुको समक्ष पुग्यो होला कि, पावलले यस्तो प्रकारको आचरणको बारेमा शिक्षा दिदैं छन् । जो मोशाको व्यवस्थाको खतना र यहूदि परम्पराको बिरोधमा छ । समस्याबाट बच्नको लागि उनिहरुले पावललाई आफुसित चार जना लैजाउ, आफ्नो कपाल खौर र व्यवस्था अनुसार सात दिन सम्म पर्खनुस् भनि सल्लाह दिए । पावलले उनीहरुको कुरा

माने । तर उनको शुद्धिकरणको सातौ दिनका यहूदिहरुलले भिडलाई उत्तेजित पारे र तिनलाई मन्दिबाट बाहिर लगे । रोमिहरुले तिनलाई सोधपुछ गरे । र फेरि तिनलाई कैद गरे । कैद गरेपछि तिनलाई मानिसहरुसँग कुरा गर्ने अवसर दिए । विरोधको कारण तिनलाई एक पटक अवसर मिल्यो । ताकि ति सबै मानिसहरुलाई परमेश्वरले तिनको जीवनमा र तिनीद्धारा के-के गर्नु भयो भनेर भन्न सकोस् भनेर ।

हिब्रु भाषामा पावलले बोल्दै आफ्नो गवाही भिडको सामुन्ने बताउन लागे र त्यो समय सम्म बोलि नै रहे, जब सम्म उनको मुख्यबाट परमेश्वर मलाई अन्यजातिहरुका बिचमा पठाउनु भएको हो भन्ने सम्म उनीहरु तिनको यि कुरा सन्दै रहे । र ठूलो स्वरमा कराए । यस्तो  मान्छेलाई मार यस्तोलाई जीवित रहन उचित छैन । तब पल्टनको सेनापतिले भने कि उसलाई कोर्रा लागाउँ र जाँच कि मानिसहरु उसको विरोधमा किन कराउँदैछन् । तर पावलले तिनलाई चुनौती दिदैं भने कि तिमी एक रोमी नागरिकलाई कुनै दोषी नपाई कसरी कोर्रा लगाउन सक्छौ । रोमी व्यवस्था तोडिने डरले तिनले पावललाई स्वतन्त्र पारिदिए । तर पल्टनको सेनापतिले फेरि पनि पावललाई लगाएको दोषको कारण जान्न चाहन्थे । त्यसैले उसले तिनलाई पुजाहारीहरुको र महासभाको सामुन्ने ल्याएर खडा गरिदिए । तर फेरि एकपल्ट पावललाई धार्मिक अगुवाहरुको सामुन्ने सु-समाचार प्रचार गर्ने मिल्यो ।

❖ **विरोधले हामीलाई परमेश्वरद्धारा गरिएको महान् कार्यको वर्णन गर्ने अवसर प्रदान गर्छ ।**

## पाठ १४ :- अध्याय २३ र २४

**मुख्य वाक्य** : पावल यरुशलेममा गिरफ्तार हुन्छन् र भिडको अगाडी आफ्नो अनुग्रहको जीवन गावाही बताउँछन् ।

### पहिलो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २३:१-८ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) महासभाका अगाडी पावलको सबै भन्दा पहिले शब्द के थियो ?

२) हनन्याह महापुजाहारीले पावलको बिरोधमा यती कडा प्रतिक्रिया किन व्यक्त गरे ?

३) के तपाई बताउन सक्नुहुन्छ ? कि पावलले हनन्याहलाई किन ति बस्तुहरु सँग तुलना गर्छन् ? (मत्ति २३: २७-२८ पढ्नुहोस्)

४) के तपाईहरु भन्न सक्नुहुन्छ सदुकी र फरिसीहरुले के विश्वास गर्थे ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २३:९-११ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) परमेश्वरले कसरी र कति बेला पावललाई प्रोत्साहित गर्नुभयो ?

२) जब परमेश्वरले पावललाई ढाँड्स गर भन्नुको अर्थ के थियो ?

३) यहोशु १:१-९ मा के तपाई साहसी बन्नको लागि कुनै उपाए पाउनु हुन्छ ?

४) जीवनको कुन परिस्थितिका तपाईलाई परमेश्वरको तर्फबाट यस्तो प्रोत्साहनको आवश्कता पर्छ ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २३:१२-३५ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पावलको विरोधमा आफ्नो रिस प्रकट गर्नलाई ४० जना यहूदिहरुले कस्तो कसम खाएका थिए ?

२) पावलको भान्जाले के सुनेका थिए ?

३) परमेश्वरले पावललाई यहूदिहरुको कुन षड्यन्त्रबाट बचाउनुभयो र किन ?

४) पावललाई शहर देखि बाहिर निकाल्नको लागि सेनापतिले कति सिपाहीहरु बोलाए ?

५) सिपाहीहरु पावललाई कहाँ लिएर गए र किन ?

## चौँथो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २४:१४-२६ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पावलको लागि के जान्न, देख्न र सुन्न बाँकि थियो ?

२) पावलको गवाही कस्तो प्रकारले ग्रहण गरियो ?

३) फेलिक्सलाई कुन कुराको डर थियो र तिनले के गरे ?

४) पावल कति समय जेलमा रहे ?

५) पावल जेलमा रहनुको पछाडि के परमेश्वरको कुनै योजना थियो ?

६) के तपाई कुनै समस्यामा हुनुहुन्छ ? तपाईको साथी संङ्गीहरुले कस्तो प्रकारले तपाईको लागि प्रार्थना गर्न सक्छन् ?

# पाँचौ दिन

## शिक्षा १४ : पावल न्यायधिश र फेलिक्सको अगाडि आफ्नो बचाउ गर्नुहुन्छ ।

मुख्य पाठ : प्ररितको पुस्तक २३ र २४ अध्याय ।

मुख्य खण्ड : प्ररितका पुस्तक २३:११– हे पावल साहस गर, किनकी जसरी तिमीले यरुशलेममा मेरो बिषयमा गवाही दियौं त्यसरी नै तिमीले रोममा पनि गवाही दिनुपर्छ ।

मुख्य वाक्य : पावलको बिरोधमा शत्रु र षड्यन्त्र बढ्दै जान लागे ।

जीवनको सिद्धान्त : प्रतिक्षा गर्ने समयमा विश्वासको साथ धैर्य भएर बस्नुपर्छ ।

**सारांश :** पावल जब महासभाको सामुन्ने खडा भएर बोले तब तिनको पहिलो शब्दले तिनलाई समस्यामा पाऱ्यो । तिनले दाबी गरे, कि मैले परमेश्वरको उपस्थितिमा आफ्नो जीवन पूर्ण रुपले शुद्ध विवेकको साथ बिताएको छु । यहि कुराले प्रधानपुजाहारी हननियाले मुखमा थप्पड हान्नको लागि भने । यो कुरा पावललाई थाहाँ थिएन कि तिनी प्रधानपुजाहारी हुन भनेर । त्यसैले पावलले भने कुनै दोष बिना र व्यवस्थाको विपरीत मलाई हान्न लगाउने यसको लेखा परमेश्वरले तपाईबाट लिनुहुन्छ । तर उनलाई थाहाँ हुन साथ कि उनले प्रधानपुजाहारीलाई त्यसो भनेको को भनेर तब तिनले माफी मागे र (व्यवस्था २२:२८) मा लेखिएका बचनहरु राखे “न आफ्नो मानिसहरुको सरकारलाई श्राप दिनु” । यो कुरा निकै रहस्यमय छ । किन भने पावलको जीवनमा धर्मगुरुहरुको अगाडी धेरै चुनौतीपूर्ण प्रश्नहरु धेरै थिए । फेरि पनि पावल सावधानी साथ कुनै झगडा वा हो-हल्ला नहोस् भनि बच्न लागे । पावलले पल्टनको कप्तानद्धारा बिना दोषी ठहराई किन मलाई जाँच्ने वा कोर्रा लगाउने भनि कप्तानलाई चुनौती दिए । किनभने कुनै पनि रोमी नागरिकको विरुद्ध यस्तो गर्नु उचित थिएन । यदि पावल त्यहि अध्यायमा यहूदीहरुको षड्यन्त्रको बारेमा जानेपछि उनि बच्नको लागि प्रयास गर्छन् । त्यसै कारण फेलिक्सको अगाडी पावलले आफ्नो सुरक्षाका लागि कैसरको ठाँउ जाने आग्रह गरे । जति

बेला पावलले अवसर पाउँथे उनले आफ्नो सुरक्षाका लागि प्रयास गर्थे । उनले रोमी नागरिक हुँ भनि  अधिकारको प्रयोग गरे र उनले यहूदीहरुले गरिरहेको गलत कुरामा निशाना बनायो । तर पनि पावलले फेलिक्सलाई घुस दिएन । यदि पावलले घुस दिएको भए छुट्ने थिए । तर उनले प्रधानपुजाहारी सँग उपद्रो व्यवहार गरेको कारण उनले क्षमा मागे । किन भने उनले सतावट सहने मात्रै होईन मर्नको लागि पनि तयार थिए । त्यसैकारण पावल पूर्ण तवरले परमेश्वरको इच्छामा निर्भर थिए । यी सबै कुरामा पावलले आफ्नो दःख, सतावटलाई ईमान्दार र विनम्रताको साथ पानी जस्तै पिउँछन् । पावलले धार्मिक अगुवाहरुको बिचमा पहिले नै सु-समाचार प्रचार गरिसकेका थिए । त्यसै कारण उनले यो अवसरलाई सु-समाचर प्रचार गर्नको लासग उचित ठानेर बरु उनले सदुकि र फरिसीहरुको बिचमा ठूलो बातविबाद हाली दिए । यहि कुराले धेरै ठूलो समस्या खडा भयो । त्यो समस्याबाट निकालेर पावललाई जेलमा हाल्नु पऱ्यो । त्यहि राती परमेश्वर स्वयम उनको ठाउँ आएर भनुभयो “हे पावल साहस गर किनकी जसरी तिमीले यरुशलेममा मेरो बिषयमा गवाही दिनुपर्छ । पावललाई प्रभु येशूद्धारा यति ठूलो सान्त्वना मिलेउ कि उनको दुःख र सतावटमा पनि परमेश्वरको उदेकको उद्देश्य पूरा हुदैछ । यस प्रकारको गवाहीले आज पनि सान्त्वना र उत्साह मिल्छ ।

अघिल्लो दिन पावललाई थाहाँ हुन्छ कि केहि यहूदीहरुले उसलाई मर्नको लागि षड्यन्त्र रचिरहेको छन् । कप्तानलाई यस षड्यन्त्रको बारेमा जानकारी भयो र उनले पावललाई २०० सैनिकको सुरक्षा दिएर कैसरिया पुऱ्याउने फैसला गरे । र उनले पावलको साथ साथै पनि पठाए । जसमा गर्भनर फेलिक्सलाई त्यहाँको परिस्थितिको बारे जानकारी गरिदिए र जम्मै जिम्मेवारी गर्भनर फेलिक्सलाई सुम्पिदिए । यसरी पावल बडो सुरक्षाको साथ कैसरिया सम्म पुगे । जहाँ तिनी यहूदीहरुको बाधा बिना नै सु-समाचार प्रचार गर्न सक्छन् ।

केहि दिन पश्चात पुजाहारी हननियाले पावल माथि आरोप लगाउनको लागि एउटा वकिल आफ्नो साथमा लिएर कैसरिया आए । उनीहरुले गर्भनरसँग यसो भन्ने आग्रह गरे कि हामीले पावललाई यहूदीहरु र रोमीहरुको बिचमा झगडा उत्पन्न गराएकोमा आरोपी

पाउँदछौ । र उनीहरुले यो शंका पनि जनाए कि फेलिक्सलाई खशी पार्नको लागि पल्टनको कप्तानले समेत अनुचित काम गरे । जब पावललाई आफ्नो सुरक्षामा बोल्ने अवसर मिल्यो तब उनले व्यवस्था, भविष्यबक्ताहरु र मृत्युबाट जीवित हुने कुरा माथि विश्वास गर्छु भनि भने । तर तिनले यहूदीहरुमाथि आरोप लगाए कि तिनीहरुले हतारमा र कुनै कारण बिना नै यी कामहरु गरे । फेलिक्स सँग यो दलको ठीक ठीक जानकारी थियो । तर उनले भने जब पल्टनका कप्तान आउँछन् तब म तिम्रो न्याय गर्छु । तर यस्तो जवाफ हुदैन,  किनभने फेलिक्सको मन पावलको गवाही सुनेर परिर्वतन मात्रै भएन तर उनी कति पटक पावललाई आफ्नो घरमा बोलाएर प्रभुको बचन सुन्ने गर्थे । दुई बर्षपछि फेस्तुस फेलिक्सको ठाउँमा आए । र फेलिक्सले यहूदीहरुलाई खुशी पार्नको लागि पावललाई जेलमा नै छोडिदिए । यस्तो लाग्छ कि फेलिक्सलाई पावलको सु-समाचर मात्र एउटा मनोरञ्जनको साधन जस्तै मात्र थियो ।

❖ **प्रतिक्षा गर्ने समयमा विश्वासको साथै धैर्य पनि गर्नुपर्छ ।**

# पाठ १५ :- अध्याय २५ र २६

**मुख्य वाक्य** : पावल गर्भनर र राजाको सामुन्ने बोल्नु ।

## पहिलो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २५:१-१२ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) प्रेरितको पुस्तक २५:२-३ र प्रेरित २३:१२-१५ कुन-कुन समूह पावलको हत्या गर्ने योजना बनाई रहेको थिए ?

२) परमेश्वरले यो षड्यन्त्रलाई के गर्नु भयो ?

३) तपाईको विचारमा पावलले कैसरसँग बिन्ती किन गरे होला ?

## दोस्रो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २५:१३-२७ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) के फेस्तस र राजा अग्रिपासलाई पावललाई के गर्नु पर्ने हो थाहा थियो ?

२) कुन पदले दर्शाउछ कि पावललाई थाहा थिएन ?

३) सम्राटसँग बिन्ति गरिएको कारण राजा अग्रिपासले पावललाई कहाँ पठाउनु जरुरी थियो ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २७:१-१५ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) ती वचनहरुलाई ध्यान दिनुहोस् जसले निम्न लिखित कुराहरुको थाहा हुन्छ ।

क) पावलद्धारा येशूलाई मसिहको रुपमा प्रकट गर्नु ।

ख) यहूदीहरुको लागि ठोकारको कारण ।

ग) ह्दय परिवर्तन हुनु भन्दा पहिला पावलको धारणा

घ) पावलको ह्दय परिवर्तन र उनको बोलावट

## चौँथो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २६:१६-२८ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) पावलको दर्शन र दर्शनप्रति उनको आज्ञाकारिताको बारेमा भन्नुहोस् ।

२) पावलले कहाँ प्रचार गरे ?

३) अग्रिपासले पावललाई कस्तो उत्तर दिए ?

४) पावलको कुरामा विश्वास नगरेर अग्रिपास र अरु सुन्ने व्यक्तिहरुले के गुमाए ?

## पाँचौ दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २६:२९-३२ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) के पावल मृत्यु दण्ड वा जेलखानामा राख्न योग्य थिए ?

२) पावललाई यो स्थानमा कसले पठायो ?

३) के यो उनको बोलावट पुरा हुनु थियो ? (लुका ९:१५ पढ्नुहोस्)

## छैँथौ दिन

**शिक्षा १५ : पावल फेस्तुस र अग्रिपासको सामुन्ने वार्तालाप गर्छन् ।**

| |
|---|
| मुख्य पाठ : प्ररितको पुस्तक २५ र २६ अध्याय । |
| मुख्य खण्ड : प्ररितका पुस्तक २६:१६– तर उठ र आफ्ना पाउँमा खडा होऊ, किनभने ममा तिमीले देखेका र मैले तिमीलाई देखाउने कुराका निम्ति सेवक र साक्षी नियुक्त गर्ने उद्देश्यले म तिमीकहाँ देखा परेको छु । |
| मुख्य वाक्य : पावल गर्भनर र राजाको सामुन्ने बोल्नुहुन्छ । |
| जीवनको सिद्धान्त : हामी धैर्यको साथमा आज्ञाकारी बनिरहन उत्साह दिन्छ । |

**सारांश :** एकपटक फेरि यहूदीहरुले पावललाई घात पुऱ्याउने योजना बनाए र यहूदीहरुको अगुवा फेस्तुसको सामुन्ने पावललाई आरोप लगाएर उसलाई यरुशलेममा फिर्ता लान चाहन्थे । किनभने उनीहरुले उसलाई बाटैमा मार्न चाहन्थे । तर फेस्तुसले पावललाई यरुशलेममा लिएर जान इन्कार गरिदिए । र यहूदीहरु कैसरिया आएपछि फेस्तुसको अगाडि पावलको विरुद्धमा सोधपुछ भयो र फेलिक्सले जस्तै फेस्तुसले पनि यहूदीहरुको पक्ष लिदै पावललाई आफ्नो बारेमा सुनुवाई यरुशलेममा गर्ने इच्छा छ कि भनेर सोधे । र पावलले उत्तर दिएर भने यदि मैले केहि गल्ति गरेको भए म मर्नको लागि पनि तयार छु । तर उ माथि लगाएको अभियोग गलत भएको हुनाले ऊ कैसरको सामुन्ने सुनुवाई गर्ने माग राख्दछ । फेस्तुसलाई थाहा थिएन कि पावलको बारेमा कैसरको सामुन्ने कसरी कुरा राख्ने भनेर । त्यसैले उनले उसको मित्र अग्रिप्पा र बरनिकी कहाँ पठाउनु नै राम्रो लाग्यो । उनीहरु ठूलो जुलुस र शहरको प्रमुख व्यक्तिहरु सहित महासभा भित्र प्रवेश गरे । फेस्तुसले मानिसहरुलाई पावलको बारेमा सुनेर उसको सहायता गर्न भने, ताकि उसले बुझेर पावलको मामला (केस) कैसर कहाँ पठाउन सकोस् । फेस्तुसको आज्ञा पाउन साथ मानिसहरु (निरस्त्रीकृत) शान्त भए र पावलले एक पटक फेरि स्वतन्त्र भएर प्रमुख व्यक्तिहरु र भिडको अगाडि सु-समाचार सुनाउने मौका प्राप्त गरे ।

उनले आफ्नो प्रचारलाई यहूदी पृष्ठभुमीबाट नै सुरु गरे र भने म त्यो आज्ञा र प्रतिज्ञाको कारण जो परमेश्वरले हाम्रा पुर्खाहरु (बुवा, हजुरबुवा) सँग गर्नु भएको थियो । (प्रे.२६:६) म माथि मुद्दा चलाइएको छ । उनले भने कि उनको मन परिवर्तन हुनु भन्दा पहिला कसरी खीष्टियनहरुलाई सताउने गर्थे । उनले सबै कुरा भन्न सुरु गरे, उनको भेट प्रभु येशूसँग कसरी भयो र येशूले उनलाई दमस्कसको बाटोमा के भन्नुभयो भनेर । पावलले भने उनले त केवल प्रभुद्धारा सुम्पिएको आज्ञा पूरा गरेको हो । साथै उनले भने यहूदीहरुले मोशा र भविष्यपक्ताहरु द्धारा गरेको कुराहरु अस्विकार गरिरहेको छ । सुन्ने व्यक्तिहरु प्रति प्रेम र दयाले भरिएर पावलले उनीहरुलाई सम्झाउने भरपूर्ण प्रयास गरे कि उनीहरु प्रभुमा विश्वास गर्ने समय छ । तर षड्यन्त्रमा पसेको कारणले गर्दा

उनीहरुले यी कुराहरु स्वीकार गरेनन् । उनीहरुको ठूलो बिरोधको सामना गर्दै पावलले विश्वास साथ फेरि एकपटक प्रभुको सत्यतालाई बताए । त्यसैले गर्दा परमेश्वरले उनलाई रोममा लिएर जानुभयो ।

❖ **जब हामी संयमी भएर आज्ञाकारी हुन्छौं परमेश्वरले बढाउनु हुन्छ ।**

# प्रेरितको काम

## पाठ १६ :- अध्याय २७ र २८

**मुख्य वाक्य** : रोममा जार्दै गर्दा पावलको आँधीसँगको सामना हुन्छ र जहाज भाँचिन्छ ।

### पहिलो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २७:१-१० सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) हामी जहाजको कप्तानको बारेमा के जान्दछौ ?

२) यस यात्रामा पावलाई साथ दिने २ जना साथीहरुको नाम भन्नुहोस् ।

३) पावलको साथीहरुको नाम बताउनुहोस् । र भन्नुहोस् उनको साथीहरुद्वारा तपाईले के सिक्नु भयो ?

४) यूहन्ना १५:१२-१७ मा तपाईले साथीको बारेमा के शिक्षा पाउनु हुन्छ ?

५) समुद्रको यात्राको समय बर्षको कुन समय थियो ? र परिस्थिति कस्तो थियो ?

६) पावलले अधिकारीहरुलाई कस्तो चेतावनी दिए ?

### दोस्रो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २७:११-४४ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरुः**

१) भयानक तुफान र जहाजमा यात्रा गरिरहेको व्यक्तिहरुको अवस्था बारे वर्णन गर्नुहोस् ।

२) पावलले उनीहरुसँग के कुरा भने र त्यो जानकारी उनले कहाँबाट प्राप्त गरे ?

३) "साहस गर" भन्नुको अर्थ के हो ?

४) भजनसंग्रह ११९:८९, २ तिमोथी ३:१६-१७ को व्याख्या गर्नुहोस्।

५) जहाजमा त्यति बेला कति जना थिए ?

६) जहाजमा भएका कैदीहरुको अवस्था कस्तो थियो होला ?

७) प्रेरित २७:२३-२४ सम्मको बचन पावलको जीवनमा कसरी पूरा भयो ?

## तेस्रो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २८:१-११ सम्म अध्ययन गर्नुहोस्।**

**प्रश्नहरु:**

१) त्यो भाँचिएको जहाज अन्त्यमा कहाँ गएर रोकियो ?

२) मल्टा द्वीप पुग्दा त्यहाँका व्यक्तिहरुले उनीहरु सँग कस्तो व्यवहार गरे ?

३) परमेश्वरले त्यो द्वीप व्यक्तिहरुको सामुन्ने आफैलाई कसरी प्रकट गर्नुभयो ?

४) रोमको यात्रामा पुन: प्रस्थान गर्नु भन्दा पहिला उनीहरुले माल्टामा कति समय बिताए ?

५) तपाईको बिचारमा पावलले त्यहाँ आफ्नो समय कसरी बिताए होला ?

## चौंथो दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २८:१२-२९ सम्म अध्ययन गर्नुहोस्।**

**प्रश्नहरु:**

१) रोममा पावलको भेट कोसँग हुन्छ ? र उनलाई कस्तो महसुश हुन्छ ?

२) पावलले रोममा कुन अवस्थामा समय बिताए ?

३) पावलले यहूदी अगुवाहरुलाई लेखेको सन्देशमा कुन-कुन कुरा लेखे ?

४) त्यो सन्देशको उनीहरुले कस्तो जवाफ दिए ?

५) यशैयाको खण्ड अनुसार कुनै व्यक्तिको अविश्वासको जिम्मेवार को हुन्छ ?

## पाँचौं दिन

**पढ्नुहोस् : प्ररितको पुस्तक अध्याय २८:३०-३१ सम्म अध्ययन गर्नुहोस् ।**

**प्रश्नहरु:**

१) उनले रोममा कति समय बिताउछन् ? त्यहाँका मानिसहरुले येशूको सु-समाचार प्रति कस्तो व्यवहार देखाए ?

२) १ तिमाथी ४ अनुसार हामीले पावलको आत्मिक अवस्थाको बारेमा के सिक्दछौ ? जुन उनले जेल भित्र हुदाँ लेखेका थिए ।

३) पावलको जीवनी अध्ययनद्धारा तपाईलाई सबै भन्दा महत्वपूर्ण कुरा के लाग्यो ?

४) यो शिक्षा द्धार तपाईको जीवनमा कसरी प्रभाव पर्दछ ?

## छैंथौ दिन

**शिक्षा १६ : पावल रोममा पुग्छन् ।**

| | |
|---|---|
| मुख्य पाठ | : प्ररितको पुस्तक २७ र २८ अध्याय । |
| मुख्य खण्ड | : प्ररितका पुस्तक २७:२५– यसकारण मित्र हो, साहस गर्नुहोस् । म परमेश्वरमा विश्वास गर्छु, मलाई जस्तो बताइएको छ, त्यस्तै हुनेछ । |
| मुख्य वाक्य | : रोममा जाने समयमा पावलको आँधी सँग सामना र जहाज भाँचिन्छ । |
| जीवनको सिद्धान्त | : हाम्रो विश्वास जीवनको आँधीमा सिद्ध हुन्छ । |

**सारांश :** पावललाई कप्तान युलियसको जिम्मेवारीमा इटली जाने जहाजमा पठाए । त्यो यात्रा कष्टै-कष्टले भरिएको थियो । तर येशू पावल कहाँ प्रकट भई हिम्मत दिए र भन्नुभयो **"साहस गर"** किनभने तँ कैसरको सामुन्ने अवश्य पुग्नेछस् । र जहाजमा

भएकाहरुको पनि कुनै प्रकार हानि नोक्सा हुने छैन । परमेश्वरले यी वचनको साथै पावललाई बुद्धि र साहस पनि दिनुभयो । ताकि उनले बाँकि व्यक्तिहरुको मार्गदर्शन गर्न सकोस् ताकि तिनीहरुको ज्यान बचाउन सकून । उनीहरुको जहाज भाँचियो र सा समान नष्ट भयो । तर उनीहरु मल्टा सम्म सुरक्षित पुगे । तर पावललाई त्यहाँ एउटा बिषालु सर्पले डस्यो तर उनलाई कुनै प्रकारको हानि भएन । तर परमेश्वर पावलद्धारा आश्चर्य कामहरु गर्नुभयो र परमेश्वरले पावललाई त्यहाँ ३ महिना बस्ने अवसर दिनुभयो । त्यसपछि उनीहरु पटिओलीमा आए र जहाँ भाईहरुले आएर उनलाई प्रोत्साहन दिए ।

पावल रोममा पुगेको घटना सहित यो पुस्तकको अन्त हुन्छ र उ भाडाको घरमा दिन रात साङ्लाले बाँधेर रोमी सैनिकहरुको सामुन्ने उठ्ने र बस्ने गर्नु पर्दछ । आफ्नो इच्छा अनुसार कहि प्रचार गर्न नपाउने गरी सीमित, निन्दित र बन्धनमा बस्नु पर्दछ । तर पनि उनी फिलिप्पीको मण्डीलाई बडा आनन्द साथ लेख्दछन्, कि मलाई गर्व छ कि म बन्धनमा छु तर परमेश्वरको वचन बन्धनमा छैन । उनी द्धारा लेखिएको पत्रहरुमा सबै भन्दा अचम्म गर्ने वचन उनले आफ्नो मित्र फिलिप्पीलाई लेखे जो घरमा म माथि घटेको छ त्यसद्धारा सु-समाचारको वृद्धि भएको छ । (फिलिप्पी १:१२) समस्याहरुले कुनै काम रोक्न सक्दैन र त्यसले कुनै चीजलाई सीमित पार्न सक्दैन । ति बाधा र निराशाहरु त मात्र परमेश्वरको सु-समाचार बढाउँने माध्यम हो र त्यस पछि उनले विषेश कारण बताउँछन् । जस द्धार यी सबै कार्य भएको थियो ।

- सबै भन्दा पहिला रोमी सैनिकहरु जसलाई सम्राटको सुरक्षाका लागि राखेका थिए । तिनीहरु मध्येबाट प्रभुमा एक-एक गरी विश्वास गर्दै आउन लागे । राज दरबारमा सेवा गर्ने सैनिकहरु सम्म पनि सु-समाचर पग्न लागेको थियो । सम्राटको आज्ञा अनुसार हरेक दिन सैनिकहरुले उनलाई ६ घण्टा सम्म साङ्लाले बाँधेर राख्ने गर्दथे । यदी हामी कैदी व्यक्तिहरुको बारेमा कुरा गर्ने हो भने परमेश्वरले आफ्नो सबै भन्दा विश्वास योग्य दास द्धारा सु-समाचार सुनाउनलाई सम्राटलाई प्रयोग गर्दै थिए । यसमा अचम्म मान्नु पर्ने कुरा थिएन कि उहाँले आफ्नो पत्रको अन्त्यमा लेख्नु हुन्छ कि सबै पवित्र व्यक्ति, विशेष गरी जो कैसरको घरानाकाहरु थिए । उनीहरुलाई नमस्कार भन्दै लेख्नु भएको छ । (फिलिप्पी४:२२)

- दोस्रो पावल समातिएको कारणले सबै भाईहरुलाई सु-समाचार गर्न व्यस्त भए । त्यसैले उनी स्वतन्त्र भएको समयमा भन्दा उनी कैदमा भएको समयमा सु-समाचार रोमबाट बाहिर गईरहेको थिए ।
- तर अझै तेस्रो फाईदा पनि थियो जुन प्ररितहरुले थाहा पाइरहेका थिएनन् । जसको बारेमा उनीहरुले कल्पना पनि गरेका थिएनन् । यदि हामी पछाडि पर्केर हेर्ने हो भने, जुन महाने कार्य जीवन भरिमा गरेको थिए, त्यो सु-समाचार प्रचार गर्नु र मण्डलीहरुको स्थापना गर्नु थिएन । तर सबै भन्दा महान् उपलब्धी त्यो पत्रहरु थियो, जुन उनले कैदमा हुदाँ लेखेका थिए । जुन पत्रहरुको कारण्ले गर्दा आज २० औं शताब्दी देखि खीष्टियान जीवनहरुलाई अझै सशक्त बनाई रहेका छन् ।
- आज हामी प्रेरित पुस्तक र पावलको जीवनमा एक प्रकारको चक्र देख्तछौ । जो आज कुनै पनि आत्मिक कार्यहरुमा देख्न सकिन्छ । येशूको बारेमा पवित्र आत्माको सामर्थ्यद्धारा बोल्नाले फल प्राप्त गर्न सकिन्छ । (१कोरिन्थी २:३-५) यस बाहेक अरुहरुले विश्वास गर्नु भन्दा पहिला वा परमेश्वरको वचन द्धारा उनीहरुको ह्दयमा पहिला उनीहरुले परमेश्वरको वचन पटक-पटक सुन्नु आवश्यक पर्दछ । दोस्रो शैतानद्धारा बिरोध हुन यो आवश्यक छ । त्यो केवल प्रभुमा प्रार्थना र प्रभुमा हाम्रो स्थान द्धारा मात्र भगाउँन सकिन्छ । (मर्कूस ११:२२,२५) (१कोरिन्थी १०:३,५) को अनुसार परमेश्वरको बाचाहरुको घोषणा गरेर पनि भगाउँन सकिन्छ । जस्तो हामीले पावलको जीवनमा पनि देख्यो । कति पछक समस्या हटेर जाँदैन । तर परमेश्वरले हामीलाई बाटो देखाउनु हुन्छ, ताकि हामी त्यसद्धारा दु:खी नहोस्, बरु अगाडि बढेर जानलाई अनुग्रह दिनु हुन्छ ।

तेस्रो परमेश्वरले हामीलाई परिक्षा र सतावटको बीचमा सान्त्वना दिनुहुन्छ । (फिलिप्पी३:८-११) प्रभुको देहमा खुशी र सान्त्वना पाईन्छ । प्रभु सँगको घनिष्ठ संगतीमा र उहाँको क्षमतामा भरोसा गर्दा अति आनन्द र आराम पाईन्छ । यो कुरा जानेर अति खुशी मिल्दछ । कि यस प्रकारको मृत्युले थुप्रै मानिसहरुको लागि जीवनको कारण हुनेछ । अन्तमा परमेश्वरको धैर्य राख्नाले बिश्राम, ताजा र नयाँ

जोश वा उमंग प्राप्त गर्ने समय परमेश्वरले दिनु हुनेछ । के तपाई नयाँ जीवन प्राप्त गर्न उहाँमाथि विश्वास गर्नु हुन्छ र सुख वा दुःख मा एक अर्काको हात थाम्न तयार हुनुहुन्छ ?

प्रेरितको पुस्तक कहिले पनि समाप्त नहुने पुस्तक हो । यसलाई कहिल्यै समाप्त गरिएन । पवित्र आत्माले यसलाई अधुरो नै राख्न उचित सम्झिनुभयो । यो आज पनि लेखिरहेको छ । प्रेरितको पुस्तक येशूद्धारा गर्नुभएको कार्यहरु र शिक्षाको लेखा हो । के उहाँको शिक्षा समाप्त भएको छ ? होईन, उहाँले अझै कार्य गरिरहनु भएको छ । के यो सत्य होईन ? प्रभुले हामी माथि पनि अनुग्रह गर्नु भएको होस्, कि हामीले पनि हाम्रा पूर्वजहरुले झैँ पवित्र आत्मा सामर्थ्यमा विश्वास योग्य भएर आफ्नो जिम्मेवारीहरु पूरा गर्न सकौँ । हामीले हाम्रो उद्धारकर्ताको मुखबाट यस्तो शब्द सुन्न पाँऊ, कि अति असल मेरो विश्वासयोग्य दास ।

❖ **जीवनको आँधीमा परमेश्वरले आफ्नो बाँचा पूरा गर्नु हुन्छ ।**